# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, वैशाख १५ गते, २०६५ साल (अतिरिक्तांक १


## भाग ३

## नेपाल सरकार

## अर्थ मन्त्रालयको

### सूचना १

नेपाल सरकारले भन्सार ऐन, २०६४ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी उक्त ऐनको दफा २ देखि ९४ सम्म मिति २०६५ साल वैशाख १५ गते देखि प्रारम्भ हुने गरी तोकेको छ।

### सूचना-२

भन्सार नियमावली, २०६४

भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

परिच्छेद-१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "भन्सार नियमावली, २०६४" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "ऐन" भन्नाले भन्सार ऐन, २०६४ सम्झनु पर्छ।

(ख) "तेस्रो मुलुक" भन्नाले भारत बाहेकका अन्य विदेशी मुलुक सम्झनु पर्छ।

(ग) "मूल्याङ्कन पुनरावलोकन समिति" भन्नाले ऐनको दफा ६१ को उपदफा (२) बमोजिम गठित समिति सम्झनु पर्छ।

(घ) "मालवस्तुधनी" भन्नाले निकासी वा पैठारी हुने जुनसुकै मालवस्तुको धनी सम्झनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-२

## भन्सार महसुल सुविधा, छुट तथा अन्य सुविधासम्बन्धी व्यवस्था

३. कूटनीतिक सुविधा वा महसुल सुविधा दिन सकिने: (१) ऐनको दफा ९ को उपदफा (१) बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा पाउने निकाय, पदाधिकारी वा व्यक्तिले त्यस्तो सुविधा लिनका लागि सुविधा लिन खोजेको मालवस्तुको विवरण, मूल्य र परिमाणसमेत उल्लेख गरी परराष्ट्र मन्त्रालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्ने देखिएमा परराष्ट्र मन्त्रालयले अनुसूची-१ बमोजिमको ढाँचामा दुई प्रति सिफारिस फाराम भरी विभागमा पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सिफारिस फाराम प्राप्त भएपछि विभागले एक प्रति सिफारिस फाराम सम्बन्धित भन्सार कार्यालयमा कार्यान्वयनका लागि पठाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम सिफारिस फाराम प्राप्त भएपछि सम्बन्धित भन्सार कार्यालयले सो सिफारिसबमोजिम सम्बन्धित निकाय, पदाधिकारी वा व्यक्तिलाई कूटनीतिक सुविधा वा महसुल सुविधा दिनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कूटनीतिक सुविधा वा महसुल सुविधा दिएको विवरण सम्बन्धित भन्सार कार्यालयले विभागमा पठाउनु पर्नेछ र सो विवरणको एक प्रति अभिलेखका लागि आफ्नो कार्यालयमा राख्नु पर्नेछ ।

(६) यस नियमको प्रयोजनको लागि परराष्ट्र मन्त्रालयले कूटनीतिक सुविधा वा महसुल सुविधाको सिफारिस गर्ने फाराममा दस्तखत गर्ने आधिकारिक व्यक्तिको दस्तखतको नमूना अग्रिम रुपमा विभागलाई उपलब्ध गराउनु पर्नेछ ।

४. नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुन: नेपालभित्र ल्याउने मालवस्तुको महसुल सुविधा सम्बन्धी व्यवस्था : (१) नेपालको कुनै भागबाट विदेशको बाटो गरी पुन: नेपालभित्र कुनै मालवस्तु ल्याउन चाहने मालवस्तुधनीले मालवस्तुकासाथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । त्यस्तो प्रज्ञापनपत्रमा सो मालवस्तु पुन: कुन भन्सार कार्यालयबाट नेपालभित्र ल्याइने हो सोसमेत स्पष्ट रुपमा खुलाउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त प्रज्ञापनपत्रउपर जाँचबुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा छ र भन्सार प्रशासनका दृष्टिले पनि नेपालको बाटो प्रयोग गरी मालवस्तु लैजान मनासिब देखिएमा भन्सार कार्यालयको प्रमुखले विदेशको बाटो गरी मालवस्तु लैजान स्वीकृति दिनेछैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त प्रज्ञापनपत्रउपर जाँचबुझ गर्दा नेपालको बाटोबाट मालवस्तु लैजान सक्ने यातायातको सस्तो र सजिलो साधन तथा सुविधा नभएको र भन्सार प्रशासनका दृष्टिले विदेशको बाटो गरी मालवस्तु लैजान मनासिब देखिएमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तुमा लाग्ने भन्सार महसुलको लगत राखी वा भन्सार महसुल धरौटी लिई त्यस्तो मालवस्तुको विवरण खुलाई भन्सार कार्यालयको सील लगाई सो मालवस्तु नेपालको कुनै भागबाट विदेशको बाटो प्रयोग गरी पुन: नेपालभित्र ल्याउने गरी निर्दिष्ट स्थानमा पुऱ्याउन लाग्ने बाटाको म्याद तोकी सोही व्यहोरा प्रज्ञापनपत्रमा खुलाई एक प्रति प्रज्ञापनपत्र मालवस्तुधनीलाई दिई त्यस्तो मालवस्तु लैजान अनुमति दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै विदेशी मुलुकमा पैठारी गर्न निषेध गरिएका मालवस्तु त्यो मुलुकको बाटो गरी नेपालको एक भागबाट अर्को भागमा ल्याउन परेमा नेपाल र सो मुलुक बीच पारवहन सम्बन्धमा कुनै सन्धि वा सम्झौता भएको रहेछ भने मालवस्तुधनीले त्यस्तो सन्धि वा सम्झौता अन्तर्गतको स्वीकृत कार्य प्रणालीको रीत पुऱ्याई लैजानु पर्नेछ ।

(५) निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले उपनियम (३) बमोजिम दिएको प्रज्ञापनपत्र र सोबमोजिमको मालवस्तु तथा ढुवानी सम्बन्धी कागजात पैठारी हुने भन्सार कार्यालयमा पेश हुन आएमा र सबै विवरण भिडाउँदा ठीक देखिएमा सो भन्सार कार्यालयले भन्सार महसुल नलिई सोही व्यहोरा प्रज्ञापनपत्रमा जनाई त्यस्तो मालवस्तु पैठारी गर्न अनुमति दिनेछ र सो प्रज्ञापनपत्रको एक प्रति संलग्न गरी निकासी गर्न अनुमति दिने भन्सार कार्यालयलाई तीन दिनभित्र जानकारी पठाइदिनु पर्नेछ ।

तर निकासी गर्न अनुमति दिएको भन्सार कार्यालयले दिएको प्रज्ञापनपत्र मालवस्तु पैठारी हुने भन्सार कार्यालयमा दाखिला नभएमा पैठारी वापतको महसुल धरौटी लिएर मात्र मालवस्तु पैठारी गर्न दिनु पर्नेछ ।

(६) निकासी गर्न अनुमति दिने भन्सार कार्यालयले उपनियम (५) बमोजिम जानकारी प्राप्त भै धरौटी फिर्ता वा लगत कट्टा गरिदिन हुने अवस्था देखेमा धरौटी फिर्ता वा लगत कट्टा गरिदिनु पर्नेछ ।

तर निकासी गर्न अनुमति दिइएको मालवस्तु आंशिक रुपमा मात्र पैठारी भएको देखिएमा पैठारी नभएको मालवस्तुको लाग्ने भन्सार महसुल धरौटी रकमबाट कट्टा गरी असुलउपर गर्नु पर्नेछ । कुनै मालवस्तुको लाग्ने महसुलको लगत राखी मालवस्तु छाडेको भए सो महसुल सात दिनभित्र असुलउपर गर्नु पर्नेछ ।

५. <u>विदेशबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजाने मालवस्तुको महसुल सुविधासम्बन्धी व्यवस्था</u> : (१) विदेशी मुलुकबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा कुनै मालवस्तु लैजान चाहने मालवस्तुधनीले नेपालको बाटो प्रयोग गर्नु पर्ने कारण, नेपालभित्र पैठारी गर्ने र नेपालबाट निकासी गर्ने भन्सार कार्यालयको नाम र मालवस्तुको विवरणसहित विभागमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा विभागले त्यस्तो मालवस्तु विदेशबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजान अनुमति प्रदान गर्नेछ । यसरी अनुमति प्रदान गर्नुअघि विभागले सम्बन्धित मुलुकको नेपालस्थित दूतावास वा कूटनीतिक नियोगको सिफारिस पत्र माग गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति प्राप्त गरेपछि मालवस्तुधनीले त्यस्तो अनुमति संलग्न गरी मालवस्तुकासाथ प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ । यस्तो प्रज्ञापनपत्रमा सो मालवस्तु कुन भन्सार कार्यालयबाट पुनः विदेशमा निकासी गर्ने हो सो कुरासमेत स्पष्ट रुपमा खुलाउन पर्नेछ ।

(४) उपनियम (३) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा सम्बन्धित भन्सार कार्यालयले त्यस्तो मालवस्तुको विवरण खुलाई आफ्नो कार्यालयको सील लगाई सो मालवस्तु विदेशी मुलुकको कुनै भागबाट नेपालको बाटो गरी सोही मुलुकको अर्को भागमा लैजाने गरी निर्दिष्ट स्थानमा पुऱ्याउन बढीमा सात दिनको बाटाको म्याद तोकी सोही व्यहोरा प्रज्ञापनपत्रमा खुलाई एक प्रति प्रज्ञापनपत्र मालवस्तुधनीलाई दिई विभागको अनुमतिबमोजिम मालवस्तु लैजान दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम दिएको प्रज्ञापनपत्र र सोबमोजिमको मालवस्तु तथा ढुवानीसम्बन्धी कागजात निकासी हुने भन्सार कार्यालयमा पेश हुन आएमा र सबै विवरण भिडाउँदा ठीक देखिएमा सो भन्सार कार्यालयले भन्सार महसुल नलिई सोही व्यहोरा प्रज्ञापनपत्रमा जनाई त्यस्तो मालवस्तु निकासी गर्न अनुमति दिनेछ र सो प्रज्ञापनपत्रको एक प्रति संलग्नगरी पैठारी गर्ने भन्सार कार्यालयलाई तीन दिनभित्र जानकारी पठाइदिनु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम जानकारी प्राप्त भएपछि पैठारी गर्न दिएको भन्सार कार्यालयले मालवस्तुधनीबाट पहिले धरौटी लिएको भए सो धरौटी फिर्ता दिनु पर्नेछ ।

तर पहिले पैठारी भएको मालवस्तु आंशिक रुपमा मात्र निकासी भएको पाइएमा निकासी नभएजति मालवस्तुमा लाग्ने महसुल धरौटी राखेको भए धरौटीबाट कट्टा गरी असुल उपर गर्नु पर्नेछ र मालवस्तुमा लाग्ने महसुल धरौटी नराखेको भए सम्बन्धित व्यक्तिबाट असुल गर्नु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपालमा पैठारी गर्न निषेध गरिएका मालवस्तु विदेशबाट नेपालको बाटो प्रयोग गरी सोही मुलुकको अर्को भागमा लैजाँदा नेपाल सरकार र सम्बन्धित मुलुकको सरकारका बीच कुनै द्विपक्षीय सन्धि वा सम्झौता भएको रहेछ भने त्यस्तो सन्धि वा सम्झौताका प्रावधानहरु पूरा गर्नु पर्नेछ ।

६. <u>विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलुकमा मालवस्तु लैजाने सम्बन्धी व्यवस्था</u> : (१) विदेशबाट नेपालको बाटो प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा मालवस्तु लैजाने प्रयोजनका लागि प्रयोग हुने भन्सार कार्यालयहरु विभागले तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विदेशबाट नेपालको बाटो प्रयोग गरी अर्को कुनै विदेशी मुलुकमा मालवस्तु लैजान चाहने मालवस्तुधनीले मालवस्तुकासाथ विभागले तोकेको ढाँचामा चार प्रति फाराम तथा प्रज्ञापनपत्र भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त फाराम र प्रज्ञापनपत्र उपर आवश्यक जाँचबुझ गर्दा सम्बन्धित भन्सार कार्यालयले प्रतिबन्धित मालवस्तु भएको नदेखिएमा नेपाल सरकारले तोकेबमोजिमको सेवा शुल्क लिई मालवस्तु रहेको बन्द कन्टेनरमा सील लगाई प्राप्त फारामहरु प्रमाणित गरी एक प्रति फाराम मालवस्तुधनीलाई दिई एक प्रति फाराम अभिलेखका लागि आफ्नो कार्यालयमा राखी दुई प्रति फाराम निकासी गर्ने भन्सार कार्यालयमा पठाई नेपालको बाटो प्रयोग गरी अर्को विदेशी मुलुकमा लैजान पन्ध्र दिनसम्मको बाटाको म्याद दिई अनुमति दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पैठारी गर्न अनुमति दिइएको मालवस्तु निकासी हुने भन्सार कार्यालयमा प्राप्त हुन आएमा सो कार्यालयले उपनियम (२) बमोजिमको फाराम प्रमाणित गरी त्यस्तो मालवस्तु निकासी गर्न अनुमति दिनेछ र सो फारामको एकप्रति पैठारी गर्ने भन्सार कार्यालयमा पठाई दिनु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम नेपालको बाटो प्रयोग गरी अर्को विदेशी मुलुकमा निर्धारित म्यादभित्र लैजान नसकेमा सोको कारण खुलाई निकासी गर्ने म्याद थप गर्न मालवस्तुधनीले विभागमा निवेदन दिन सक्नेछ । त्यसरी प्राप्त निवेदन उपर जाँचबुझ गर्दा कारण मनासिब लागेमा विभागले मनासिब म्याद थप गरिदिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) उपनियम (३) बमोजिम पैठारी भएको मालवस्तु विदेशी मुलुकमा निर्धारित समयभित्र निकासी नगरी नेपालभित्रै बिकी वा उपयोग गरेमा त्यस्तो मालवस्तुमा लाग्ने महसुल र शत प्रतिशत थप महसुलसमेत मालवस्तुधनीबाट असुल गरिनेछ ।

(७) यस नियमबमोजिम विदेशबाट नेपालको बाटो प्रयोग गरी अन्य विदेशी मुलुकमा मालवस्तु लैजाँदा बन्द कन्टेनरको प्रयोग गर्नु पर्नेछ ।

७. मर्मत गर्नका लागि मालवस्तु लैजाने र ल्याउने सम्बन्धी व्यवस्था : (१) कुनै मालवस्तु मर्मतका लागि नेपालबाट विदेशमा लैजाँदा वा मर्मत गरी विदेशबाट ल्याउँदा सो मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशनसमेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तु हवाईजहाज वा हेलिकोप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको शून्य दशमलव पाँच प्रतिशत र अन्य मालवस्तु भएमा मूल्यको पाँच प्रतिशत धरौटी लिई लैजान दिन सक्नेछ ।

(३) मर्मत गर्न विदेश निकासी गरेको मालवस्तु तीन महिनाभित्र फर्काई ल्याउनु पर्नेछ र सो म्यादभित्र फर्काइ ल्याएपछि मर्मत गर्दा लागेको खर्चबमोजिमको मूल्य र पार्टपूर्जा फेरिएको भए सो वापतको मूल्यलाई भन्सार मूल्य मानी धरौटी राखेको रकमबाट सो महसुल कट्टा गरी बाँकी धरौटी फिर्ता दिइनेछ ।

(४) उपनियम (३) मा उल्लिखित म्यादभित्र मर्मत गरी ल्याउने समय अपुग भएमा सो कुराको प्रमाणसहित भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ र भन्सार अधिकृतले मनासिब ठहराएमा तीन महिनामा नबढाई म्याद थप गरिदिन सक्नेछ । यसरी थप भएको म्यादसमेत नपुग हुने भएमा भन्सार अधिकृतले म्याद थप्नु पर्ने आधार र कारणसहित स्वीकृतिका लागि महानिर्देशक समक्ष लेखी पठाउनु पर्नेछ र महानिर्देशकले म्याद थप गरिदिने स्वीकृति दिएकोमा सोहीबमोजिम भन्सार अधिकृतले म्याद थप गर्न सक्नेछ ।

(५) यस नियमबमोजिम मर्मतको लागि विदेश निकासी गरिएका मालवस्तु उपनियम (३) र (४) मा उल्लिखित म्यादभित्र फिर्ता नल्याई सो अवधिपछि फिर्ता ल्याएमा पहिले राखिएको धरौटी जफत गरी नयाँ मालवस्तु पैठारी गरेसरह महसुल असुल गरिनेछ ।

(६) कुनै मालवस्तु मर्मत गर्नका लागि विदेशबाट नेपालमा ल्याउन वा मर्मत गरी नेपालबाट लैजानु परेमा सो मालवस्तुधनीले मालवस्तुको भएसम्मको नम्बर, साइज र स्पेशिफिकेशनसमेतको पूरा विवरण प्रज्ञापनपत्रमा भरी भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम प्रज्ञापनपत्र प्राप्त हुन आएमा भन्सार अधिकृतले सो मालवस्तुमा पैठारी गर्दा लाग्ने महसुल धरौटी लिई तीन महिनाभित्र मर्मत गरी फिर्ता लैजाने व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गर्न लगाई जाँचपास गर्न सक्नेछ ।

(८) उपनियम (७) बमोजिम पैठारी भएको मालवस्तु पैठारी भएको मितिले तीन महिनाभित्र मर्मत गरी निकासी गरेमा र मर्मत खर्च वापतको रकम भुक्तानी भएको प्रमाण पेश गरेमा पैठारी गर्दा राखेको धरौटी फिर्ता दिइनेछ । सो म्यादभित्र फिर्ता नलगेमा वा पैठारी गर्दा उल्लेख गरेको मालवस्तुको विवरणसँग निकासी गर्न ल्याएको मालवस्तुको विवरण नमिलेमा वा मर्मत खर्च वापतको रकम भुक्तानी गरेको प्रमाण पेश नभएमा त्यस्तो मालवस्तु र पैठारी गर्दा राखेको धरौटी जफत गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) हवाई सेवा सञ्चालन गर्ने गरी दर्ता भएको हवाई कम्पनीले हवाईजहाज वा हेलिकोप्टरको इन्जिन मर्मत गर्नु पर्ने भई त्यस्तो इन्जिन मर्मत गर्न लाग्ने अवधिको लागि विदेशबाट भाडामा इन्जिन पैठारी गर्नु परेमा लाग्ने भन्सार महसुल बराबरको बैङ्क जमानत भन्सार कार्यालयमा राखी बढीमा छ महिनासम्मको लागि पैठारी गर्न सक्नेछन् । सो अवधिभित्र त्यस्ता इन्जिनहरु फिर्ता लगेमा बैङ्क जमानत फुकुवा गरिनेछ र सो अवधिभित्र फिर्ता नलगेमा नियमित पैठारी गरेसरह महसुल असुल गरिनेछ ।

(१०) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि परराष्ट्र मन्त्रालयको सिफारिसमा कूटनीतिक नियोगले कुनै मालवस्तु मर्मत गर्न निकासी गर्दा र मर्मत गरी पैठारी गर्दा सोको अभिलेख मात्र राखी धरौटी नलिई निकासी र पैठारी गर्न दिइनेछ ।

८. निकासी वा पैठारी भएको मालवस्तु पुनः निकासी वा पैठारी गर्नेसम्बन्धी व्यवस्थाः (१) नेपालभित्र पैठारी भएको मालवस्तु जुन उद्देश्यको लागि पैठारी गरेको हो सो उद्देश्य परिपूर्ति हुन नसकेको वा प्रयोगशाला परीक्षणबाट गुणस्तरहीन ठहरिएकोले त्यस्तो मालवस्तुको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी गर्ने वा सो वापत विदेशी मुद्रा भुक्तानी भैसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा भन्सार कार्यालयको प्रमुखले त्यस्तो मालवस्तु पैठारी भएको वा भन्सार कार्यालयमा आइपुगेको मितिले नब्बे दिनभित्र महसुल नलिई फिर्ता लैजान दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम मालवस्तु फिर्ता भएकोमा त्यसरी फिर्ता भएको मितिले तीन महिनाभित्र शोधभर्नास्वरुप सोही प्रकारको अर्को मालवस्तु पैठारी नगरेमा वा त्यस्तो मालवस्तु पहिले पैठारी गर्दा विदेशी मुद्रा भुक्तानी भैसकेको भए त्यस्तो विदेशी मुद्रा फिर्ता नल्याएमा सम्बन्धित भन्सार अधिकृतले प्रचलित कानूनबमोजिम आवश्यक कारबाही गर्न सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम फिर्ता पठाउनु पर्ने मालवस्तु फिर्ता गर्नु अगावै विदेशको आपूर्तिकर्ताले सोको शोधभर्ना स्वरुप सोही प्रकारको अर्को मालवस्तु पठाएको रहेछ भने पैठारीकर्ताको निवेदन र पेश भएका कागजातबाट त्यस्तो मालवस्तु शोधभर्ना स्वरुप पैठारी भएको देखिएमा लाग्ने महसुल लिई भन्सार अधिकृतले जाँचपास गर्न सक्नेछ ।

(४) उपनियम (३) बमोजिम शोधभर्नास्वरुप मालवस्तु पैठारी भैसकेपछि पहिले पैठारी भएको मालवस्तु उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता पठाउदा भन्सार महसुल लाग्नेछैन र पहिले पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए त्यस्तो भन्सार महसुल फिर्ता दिइनेछ ।

तर उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ता नपठाई सो अवधिपछि फिर्ता पठाएमा सो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरिसकेको भए पनि त्यस्तो भन्सार महसुल फिर्ता दिइने छैन ।

(५) नेपालभित्र वा विदेशी मुलुकमा लाग्ने हाटबजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण वा प्रदर्शनका निमित्त कुनै मालवस्तु पैठारी वा निकासी गर्नु परेमा मालवस्तुधनीले पैठारी वा निकासीको प्रयोजन खुलाई प्रज्ञापनपत्रमा उल्लिखित मालवस्तु भन्सार कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(६) उपनियम (५) बमोजिम पैठारी वा निकासी हुने मालवस्तुमा लाग्ने महसुल धरौटी लिइनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) हाटवजार, मेला वा प्रदर्शनीमा बिक्री वितरण गर्न पैठारी वा निकासी गरिएको मालवस्तु हाटबजारको हकमा भोलिपल्ट र मेला वा प्रदर्शनीको हकमा त्यस्तो मेला वा प्रदर्शनी समाप्त भएको मितिले बाटाको म्यादवाहेक तीस दिनभित्र पुन: पैठारी वा निकासी गर्न भन्सार कार्यालयमा दाखिला गरेमा भन्सार कार्यालयले पुन: पैठारी वा निकासी नभएको मालवस्तुमा लाग्ने महसुल धरौटी रहेको रकम मध्येबाट कटाई बाँकी धरौटी रकम मालवस्तु धनीलाई फिर्ता गर्नु पर्नेछ ।

(८) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार वा नेपाल सरकारको पूर्ण वा अधिकांश स्वामित्व भएको सार्वजनिक संस्था वा कूटनीतिक नियोगको सिफारिसमा यस नियमबमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा भन्सार अधिकृतले अभिलेख मात्र राखी लाग्ने महसुल नलिई निकासी वा पैठारी गर्न दिन सक्नेछ । निकासी भएको मालवस्तु विदेशमा नै खपत भएको वा पैठारी भएको मालवस्तु नेपालभित्र खपत भएको अवस्थामा त्यस्तो खपत भएको मालवस्तुमा लाग्ने महसुल सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताबाट असुल गरिनेछ ।

(९) यस नियमबमोजिम मालवस्तु पैठारी गर्दा र निकासी गर्दा एउटै भन्सार कार्यालयबाट गर्नु पर्नेछ ।

(१०) उपनियम (९) बमोजिम एउटै भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न नसकिने अवस्था भएमा कारण खोली सम्बन्धित व्यक्तिले विभागमा निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा उल्लेख भएको कारण मनासिब देखिएमा विभागले कुनै अर्को भन्सार कार्यालयबाटसमेत यस नियमको प्रयोजनका लागि त्यस्तो मालवस्तु निकासी वा पैठारी गर्न अनुमति दिन सक्नेछ ।

(११) कुनै मालवस्तु पैठारी हुँदा सो मालवस्तुको उपयोग र परिवहनका लागि त्यस्तो मालवस्तुसँगै आपूर्ति हुने, बारम्बार प्रयोगमा आउने र मालवस्तुको प्रयोग गर्दासम्म खालि गर्न नसकिने किसिमको आधानपात्र (कन्टेनर) पछि निकासी हुने शर्तमा पैठारी गर्दा लाग्ने महसुल वापत सो रकम बराबरको बैङ्क जमानत लिई प्रज्ञापनपत्रमा निकासी हुने अवधि तोकी महसुल नलिई पैठारी गर्न भन्सार अधिकृतले अनुमति दिन सक्नेछ । यसरी बैङ्क जमानत राखी पैठारी भएका आधानपात्र प्रज्ञापनपत्रमा तोकिएको म्यादभित्र निकासी नभएमा लाग्ने महसुल बैङ्क जमानतबाट असुल गरिनेछ ।

तर त्यस्तो आधानपात्रभित्र रहेको मालवस्तु उपभोग गर्ने व्यक्तिले सो आधानपात्रबाट अन्य आधानपात्रमा खन्याई उपभोग गर्न सकिने रहेछ भने त्यस्तो मालवस्तुको आधानपात्रमा यस नियमबमोजिमको सुविधा प्रदान गरिने छैन ।

## परिच्छेद-३

## बण्डेड वेयरहाउस, बैङ्क जमानत र विशेष आर्थिक क्षेत्रसम्बन्धी व्यवस्था

९. बण्डेड वेयरहाउसको इजाजतपत्रसम्बन्धी व्यवस्था: (१) बण्डेड वेयरहाउसको सुविधा लिन चाहने देहायका उद्योग वा व्यक्तिले इजाजतपत्रको लागि विभाग समक्ष निवेदन दिनुपर्ने छ :-

(क) विदेशमा तयारी पोशाक निकासी गर्ने उद्योग,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आफ्नो उत्पादन तेस्रो मुलुकमा निकासी गर्ने उद्योग,

(ग) खण्ड (क) मा उल्लिखित उद्योगबाहेक आफ्नो उत्पादनको न्यूनतम साठी प्रतिशत भारतमा निकासी गर्ने उद्योग,

(घ) नेपाल सरकारबाट स्वीकृति प्राप्त गरेको करमुक्त पसलबाट बिक्री गर्नका लागि मालवस्तु पैठारी गर्ने व्यक्ति ।

(२) उपनियम (१) बमोजिम निवेदन दिने उद्योगले सोही उपनियमको खण्ड (क), (ख) वा (ग) बमोजिमको उद्योग हो भन्ने कुराको प्रमाणसमेत पेश गर्नु पर्नेछ ।

तर सञ्चालनमा आएको एक वर्ष पूरा नगरेको उद्योगले बण्डेड वेयरहाउसको इजाजतपत्र लिन चाहेमा निकासी योजना र आफ्नो उत्पादन विदेशमा निकासी गर्ने वा उत्पादनको न्यूनतम साठी प्रतिशत भारतमा निकासी गर्ने शर्तसहितको कबुलियतनामा पेश गरेमा सो प्रमाण पेश गर्नुपर्ने छैन ।

(३) उपनियम (१) बमोजिम प्राप्त निवेदनउपर आवश्यक जाँचबुझ गर्दा बण्डेड वेयरहाउसको इजाजतपत्र दिन मनासिब देखिएमा विभागले इजाजतपत्र दस्तुरबापत दश हजार रुपैंया लिई निवेदकलाई इजाजतपत्र दिन सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ । यस्तो इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै नवीकरण दस्तुरबापत पाँचहजार रुपैंयाँ तिरी विभागबाट त्यस्तो इजाजतपत्र नवीकरण गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि पाँचहजार रुपैयाँ थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ ।

(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र नवीकरण नगरेको अवधिमा बण्डेड वेयरहाउसको इजाजतपत्रवालाले बण्डेड वेयरहाउसको सुविधा उपभोग गर्न पाउने छैन ।

१०. बण्डेड वेयरहाउसको इजाजतपत्रवालाले प्राप्त गर्ने सुविधाः (१) नियम ९ बमोजिम बण्डेड वेयरहाउसको इजाजतपत्रवालाले निकासी गरिने वा स्वदेशमा नै परिवर्त्य विदेशी मुद्रामा बिक्री गरिने मालवस्तु उत्पादन गर्न आवश्यक पर्ने कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलसमेत) मा लाग्ने महसुलबापत बैङ्क जमानत दिई पैठारी गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम बैङ्क जमानत दिंदा पैठारी गरिने मालवस्तुमा लाग्ने भन्सार महसुल, सोको पच्चीस प्रतिशतले हुने थप रकम र स्थानीय विकास शुल्क हिसाब गरी हुन आउने रकम बराबरको बैङ्क जमानत दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दिइने बैङ्क जमानतको अवधि छ महिनादेखि एक वर्षसम्मको हुनु पर्नेछ । छ महिनाको बैङ्क जमानत दिएकोमा पछि म्याद थप गर्नु परेमा बढीमा छ महिनासम्म थप गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर नियम १३ बमोजिम म्याद थप गरिएकोमा बैङ्क जमानतको म्यादसमेत सोहीबमोजिम थप गर्नु पर्नेछ ।

(४) नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलको हकमा उद्योग विभागले नेपालमा उत्पादन नहुने भनी प्रमाणित गरी बण्डेड वेयरहाउसको सुविधा दिन सिफारिस गरेको अवस्थामा मात्र यस नियमबमोजिम सुविधा दिइनेछ ।

(५) बण्डेड वेयरहाउसको इजाजतपत्र प्राप्त गरी करमुक्त पसल सञ्चालन गर्न स्वीकृतिप्राप्त व्यक्तिले त्यस्तो करमुक्त पसलबाट बिक्री गर्नका लागि मालवस्तु पैठारी गर्दा त्यस्तो मालवस्तुमा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क वापतको रकम बराबरको बैङ्क जमानत वा नगद धरौटी राखी पैठारी गर्न पाउनेछ ।

(६) बण्डेड वेयरहाउसको इजाजतपत्रप्राप्त उद्योगले आफ्नो उत्पादन खरिद गर्ने विदेशी क्रेतासँग गरेको सम्झौताअनुसार वाणिज्य विभागको सिफारिसमा बाइ ब्याक सम्झौता अन्तर्गत प्रतीतपत्रबिना विदेशस्थित क्रेताले बिना मूल्य पठाएको कच्चापदार्थ एवं सहायक कच्चापदार्थ पैठारी गरी सोबाट तयारी वस्तु बनाई उत्पादन प्रक्रियामा लागेको खर्च र मुनाफा मात्र भुक्तानी लिने गरी सोही क्रेतालाई वा वाणिज्य विभागको सिफारिसबमोजिम अन्य व्यक्तिलाई निकासी गर्ने भएमा त्यस्तो कच्चापदार्थ एवं सहायक कच्चापदार्थ पैठारी गर्दा लाग्ने भन्सार महसुल र स्थानीय विकास शुल्क वापतको रकम बराबरको बैङ्क जमानत दिई पैठारी गर्न पाउनेछ ।

(७) उपनियम (६) बमोजिम मालवस्तु पैठारी गर्दा पैठारीकर्ताले पैठारीकै अवस्थामा वाणिज्य विभागले तोकेको शर्त र प्रक्रिया पूरा गरी प्रतीतपत्रबिना पैठारी गर्न दिन सो विभागले भन्सार कार्यालयका नाममा दिएको सिफारिसपत्र, विदेशी क्रेतासँग गरेको सम्झौता र बिनामूल्यको तर भन्सार प्रयोजनका लागि मूल्य खुलाइएको बीजकसमेत प्रज्ञापनपत्र साथ संलग्न गर्नु पर्नेछ ।

(८) यस नियमबमोजिम बैङ्क जमानत दिंदा प्रचलित कानूनबमोजिम बैङ्क जमानत जारी गर्न पाउने बैङ्क वा वित्तीय संस्थाले जारी गरेको बैङ्क जमानत दिनु पर्नेछ ।

११. <u>धरौटी वा बैङ्क जमानत राखी मालवस्तु पैठारी गर्ने सम्बन्धी विशेष व्यवस्था:</u> (१) हवाई कम्पनीले अन्तर्राष्ट्रिय उडानका लागि आवश्यक पर्ने क्याटरिङ्गका मालवस्तु र इन्फ्लाइट करमुक्त पसलमा बिक्री गर्ने मालवस्तु पैठारी गर्दा सो मालवस्तुमा लाग्ने भन्सार महसुल वापतको रकम धरौटी राखी वा सो बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ । त्यस्तो हवाई कम्पनीले त्यस्तो मालवस्तु आफैले पैठारी नगरी बण्डेड वेयरहाउस वा करमुक्त पसलबाट खरिद गर्न चाहेमा विभागले तोकेको बण्डेड वेयरहाउस वा करमुक्त पसलबाट खरिद गर्न सक्नेछ ।

(२) नेपालका कपडा उद्योगले उत्पादन गर्ने कपडा निकासी मुलक तयारी पोशाक उद्योगलाई बिक्री गर्ने भएमा सो कपडा उत्पादनका लागि आवश्यक पर्ने धागो पैठारी गर्दा कपडा उद्योग संघको सिफारिसमा सो धागोमा लाग्ने भन्सार महसुल वापतको रकम बराबरको बैङ्क जमानत राखी पैठारी गर्न पाउनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. बण्डेड वेयरहाउसको सुविधाप्राप्त उद्योग वा व्यक्तिले पालन गर्नुपर्ने शर्तहरु: (१) बण्डेड वेयरहाउसको सुविधाप्राप्त उद्योगले आफ्नो उत्पादन निकासी गर्दा प्रतीतपत्र वा प्रचलित बैङ्किङ कागजातको माध्यमबाट गर्नु पर्नेछ।

(२) बण्डेड वेयरहाउसको सुविधाप्राप्त उद्योगले पैठारी गरेको कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलसमेत) बाट त्यस्तो मालवस्तु पैठारी भएको मितिले एघार महिनाभित्र तयारी मालवस्तु बनाई निकासी गरिसक्नु पर्नेछ।

(३) बण्डेड वेयरहाउसको सुविधा लिई नियम १० बमोजिम पैठारी भएको कच्चा पदार्थ एवं सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियलसमेत) बाट तयारी मालवस्तु बनाई निकासी गर्दा भन्सार कार्यालयले कायम गरेको मूल्यको न्यूनतम बीस प्रतिशत मूल्य अभिवृद्धि भएको हुनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको मूल्य अभिवृद्धिको प्रतिशत गणना गर्दा निकासी भएको मालवस्तुको एफ.ओ.बी. मूल्यबाट त्यस्तो मालवस्तु उत्पादन गर्न प्रयोग भएको नियम १० बमोजिम मालवस्तु पैठारी गर्दा भन्सारले कायम गरेको मूल्य घटाई हुन आउने अङ्कलाई त्यस्तो मालवस्तु उत्पादन गर्न प्रयोग भएको मालवस्तु पैठारी गर्दा भन्सारले कायम गरेको मूल्यले भाग गर्दा आउने अङ्कलाई १०० ले गुणा गरी निकालिनेछ।

(५) बण्डेड वेयरहाउसको सुविधाप्राप्त व्यक्तिले करमुक्त पसलबाट बिक्री गर्नका लागि पैठारी गरेको मालवस्तु पैठारी गरेको मितिले एकवर्षभित्र करमुक्त पसलबाट बिक्री गरिसक्नु पर्नेछ।

(६) नियम ११ को उपनियम (२) बमोजिम धागो पैठारी गर्ने कपडा उद्योगले आफूले पैठारी गरेको धागोबाट कपडा बनाई पैठारी गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक उद्योगलाई बिक्री गरिसक्नु पर्नेछ।

१३. म्याद थप गर्न सक्ने: नियम १२ को उपनियम (२), (५) र (६) बमोजिमको अवधिभित्र निकासी वा बिक्री गर्न नसकी सम्बन्धित व्यक्तिले कारणसहित म्याद थप गर्न निवेदन दिएमा र त्यस्तो कारण मनासिब देखिएमा विभागले बढीमा तीन महिनाको म्याद थप गरिदिन सक्नेछ।

१४. बैङ्क जमानत र धरौटी फुकुवाका लागि निवेदन दिनु पर्ने: (१) बण्डेड वेयरहाउसको सुविधा प्राप्त उद्योगले नियम १२ को अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र आफूले राखेको बैङ्क जमानत फुकुवा गर्नका लागि देहायका कागजात संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ :-

(क) नियम १० बमोजिम मालवस्तु पैठारी गरेको प्रमाण,

(ख) तयारी मालवस्तु निकासी गरेको प्रमाण,

(ग) सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण,

(घ) सम्बन्धित निकायबाट प्रमाणित कच्चापदार्थ एवं सहायक कच्चापदार्थ ( प्याकिङ्ग मेटेरियलसमेत) को खपत अनुपातको प्रमाण।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) बण्डेड वेयरहाउसको सुविधा अन्तर्गत करमुक्त पसलबाट बिक्री गर्न मालवस्तु पैठारी गर्ने व्यक्तिले पैठारी गरेको मालवस्तु नियम १२ को उपनियम (५) बमोजिमको अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र करमुक्त पसलबाट बिक्री गरेको प्रमाण संलग्न गरी आफूले राखेको बैङ्क जमानत वा धरौटी फुकुवा गर्नका लागि बैङ्क जमानत वा धरौटी राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(३) नियम ११ को उपनियम (१) बमोजिम बैङ्क जमानत वा धरौटीमा मालवस्तु पैठारी गर्ने हवाई कम्पनीले आफूले राखेको बैङ्क जमानत वा धरौटी फुकुवा गर्नका लागि आफूले पैठारी गरेको मालवस्तु अन्तर्राष्ट्रिय उडानमा खर्च भएको प्रमाण संलग्न गरी बैङ्क जमानत वा नगद धरौटी राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(४) नियम ११ को उपनियम (२) बमोजिम बैङ्क जमानतमा धागो पैठारी गर्ने उद्योगले उक्त धागोबाट कपडा बनाई धागो पैठारी गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक उद्योगलाई न्यूनतम बीस प्रतिशत मूल्य अभिवृद्ध गरी बिक्री गरेको प्रमाण, उक्त कपडा खरिद गर्ने तयारी पोशाक उद्योग र धागो पैठारी गर्ने कपडा उद्योगबीच भएको खरिद बिक्री सम्झौता, सम्बन्धित निकायबाट प्रमाणित भएको धागोको खपत अनुपातको प्रमाण र कपडा खरिद गर्ने तयारी पोशाक उद्योगको अनुरोधमा जारी गरिएको धागो पैठारी गर्दा लागेको महसुल वापतको बैङ्क जमानत संलग्न गरी आफूले राखेको बैङ्क जमानत फुकुवा गर्नका लागि बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(५) नियम ११ को उपनियम (२) बमोजिम बैङ्क जमानतमा धागो पैठारी गर्ने उद्योगबाट कपडा खरिद गर्ने निकासी मूलक तयारी पोशाक उद्योगले उपनियम (४) बमोजिम धागो पैठारी गर्ने उद्योगले राखेको बैङ्क जमानत फुकुवा गर्न भन्सार कार्यालयमा पेश गरेको बैङ्क जमानत फुकुवा गर्नका लागि धागो पैठारी गर्ने कपडा उद्योगबाट खरिद गरेको कपडाबाट खरिद गरेको मितिले एघार महिनाभित्र तयारी पोशाक बनाई न्यूनतम बीस प्रतिशत मूल्य अभिवृद्धि गरी निकासी गरेको प्रमाण, सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको विदेशी मुद्रा आर्जन गरेको प्रमाण र सम्बन्धित निकायबाट प्रमाणित भएको कपडाको खपत अनुपातको प्रमाण संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(६) नियम १० को उपनियम (६) बमोजिम मालवस्तु पैठारी गर्दा राखेको बैङ्क जमानत फकुवा गर्नका लागि नियम १२ को उपनियम (५) बमोजिमको अवधिभित्र वा नियम १३ बमोजिम म्याद थप भएकोमा सो अवधिभित्र वाणिज्य विभागले तोकेबमोजिम मूल्य अभिवृद्धि गरी तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण, सम्बन्धित बैङ्कबाट प्रमाणित गरेको अभिवृद्धि गरेको मूल्य बराबरको विदेशी मुद्रा आर्जन गरेको प्रमाण र सम्बन्धित निकायबाट प्रमाणित भएको कच्चापदार्थ एवं सहायक कच्चापदार्थको खपत अनुपातको प्रमाण संलग्न गरी बैङ्क जमानत राखेको भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(७) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निकासीकर्ताले निर्धारित अवधिभित्र सबै प्रक्रिया पूरा गरी मालवस्तु निकासी गरिसकेको तर विदेशी मुद्रा आर्जन गरेको प्रमाण मात्र पेश गर्न नसकी त्यस्तो प्रमाण पेश गर्नका लागि मनासिव


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कारणसहित म्याद थपको लागि निवेदन दिएमा विभागले बढीमा तीन महिनासम्मको म्याद थप गरिदिन सक्नेछ ।

१५. बैङ्क जमानत र धरौटी फुकुवा गर्ने: (१) नियम १४ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकले सो नियममा उल्लेख भएका सम्पूर्ण शर्त र प्रक्रिया पूरा गरेको देखिएमा सम्बन्धित भन्सार कार्यालयले एक महिनाभित्र बैङ्क जमानत वा धरौटी फुकुवा गर्नु पर्नेछ ।

(२) बण्डेड वेयरहाउसको सुविधा लिई पैठारी गरेको मालवस्तु निकासी भएको मालवस्तुमा आंशिक रुपमा मात्र प्रयोग भएको वा करमुक्त पसलबाट निर्धारित म्यादभित्र आंशिक रुपमा मात्र बिक्री भएको वा नियम ११ को उपनियम (२) बमोजिम पैठारी भएको धागो निकासी मूलक तयारी कपडा उद्योगलाई बिक्री गरेको कपडामा आंशिक रुपमा मात्र प्रयोग भएको वा निकासी मूलक तयारी कपडा उद्योगले त्यसरी स्थानीय रुपमा खरिद गरेको कपडा निकासी भएको तयारी कपडामा आंशिक रुपमा मात्र प्रयोग गरेको पाइएमा त्यसरी प्रयोग भएजति मालवस्तुमा लाग्ने महसुल र स्थानीय विकास शुल्क वापतको बैङ्क जमानत वा धरौटी मात्र फुकुवा गरिनेछ ।

१६. बैङ्क जमानतबाट महसुल असुल गर्ने र धरौटी सदरस्याहा गर्ने: (१) नियम १० वा ११ बमोजिम मालवस्तु पैठारी गर्ने व्यक्तिले नियम १२ मा उल्लेख भएका शर्तहरु पालन नगरेमा र नियम १४ बमोजिम निवेदन नदिएमा त्यस्ता व्यक्तिले बैङ्क जमानत राखेको रहेछ भने बैङ्क जमानतबाट लाग्ने महसुल असुल गरिनेछ र धरौटी राखेको रहेछ भने लाग्ने महसुल धरौटी रकमबाट सदरस्याहा गरिनेछ ।

(२) उपनियम (१) बमोजिम बैङ्क जमानतबाट महसुल असुल गर्दा पैठारी भएको मालवस्तुमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशत थप गरी भन्सार महसुल र स्थानीय विकास शुल्कसमेत असुल गरिनेछ ।

(३) नियम १५ को उपनियम (२) बमोजिम आंशिक रुपमा मात्र मालवस्तु प्रयोग भएकोमा प्रयोग नभएजति मालवस्तुमा पैठारी गरेको दिनमा लाग्ने भन्सार महसुलमा पच्चीस प्रतिशतसमेत थप गरी भन्सार महसुल र स्थानीय विकास शुल्कसमेत पैठारीकर्ताले राखेको बैङ्क जमानतबाट असुल गरिनेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि धरौटीबाट सदरस्याहा गरी महसुल असुल गर्दा वा करमुक्त पसलले निर्धारित म्यादभित्र मालवस्तु बिक्री नगरेको कारणले बैङ्क जमानत वा धरौटीबाट महसुल असुल गर्दा भन्सार महसुल र स्थानीय विकास शुल्क मात्र असुल गरिनेछ ।

१७. भन्सार कार्यालयले माग गरेको बैङ्क जमानतको रकम भुक्तानी गर्नु पर्ने: (१) भन्सार कार्यालयको पक्षमा जारी भएको बैङ्क जमानत बराबरको रकम सम्बन्धित भन्सार कार्यालयले माग गरेमा त्यस्तो बैङ्क जमानत जारी गर्ने बैङ्क वा वित्तीय संस्थाले पन्ध्र दिनभित्र सम्बन्धित भन्सार कार्यालयको नाममा भुक्तानी दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम भुक्तानी नगर्ने बैङ्क वा वित्तीय संस्थाबाट जारी भएको बैङ्क जमानत त्यस्तो भुक्तानी प्राप्त नभएसम्म भन्सार कार्यालयले स्वीकार गर्न हुदैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१८. विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई मालवस्तु बिक्री गर्ने र भन्सार महसुल फिर्ता दिने व्यवस्था: (१) कुनै पैठारीकर्ताले पैठारी गरेको मालवस्तु विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगलाई विभागको पूर्व स्वीकृति लिई बिक्री गरेमा निजले त्यस्तो मालवस्तु पैठारी गर्दा भन्सार महसुल तिरेको रहेछ भने त्यस्तो भन्सार महसुल फिर्ता पाउनका लागि मालवस्तु बिक्री गरेको तीस दिनभित्र देहायका प्रमाण कागजात संलग्न गरी त्यस्तो मालवस्तु जुन भन्सार कार्यालयबाट पैठारी गरेको हो सोही कार्यालयमा निवेदन दिनु पर्नेछ:-

(क) मालवस्तु पैठारी गर्दाको बीजक, प्रज्ञापनपत्र र नगदी रसिद,

(ख) खरिदकर्ता उद्योग र विक्रेता पैठारीकर्ताबीच त्यस्तो मालवस्तु खरिद बिक्री गर्ने सम्बन्धमा भएको सम्झौतापत्र,

(ग) मालवस्तु बिक्री गरेको बीजक,

(घ) खरिदकर्ता उद्योगले त्यस्तो मालवस्तु खरिद गरेको देखिने खरिद खाताको प्रमाणित प्रतिलिपि,

(ङ) खरिदकर्ता उद्योगबाट भुक्तानी प्राप्त गरेको प्रमाण,

(च) खरिदकर्ता उद्योग वा बिक्रेताका तर्फबाट सम्बन्धित भन्सार कार्यालयका नाममा जारी भएको त्यस्तो मालवस्तुमा लागेको महसुल बराबरको बैङ्क जमानत ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी महसुल फिर्ता दिनु पर्ने देखिएमा निवेदन परेका मितिले तीस दिनभित्र निवेदकलाई पूर्ण वा आंशिक रुपमा महसुल फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ गर्दा निवेदकले माग गरेको रकम पूर्ण वा आंशिक रुपमा फिर्ता दिनु नपर्ने देखिएमा कारण खोली निवेदकलाई लिखित जानकारी दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम बिक्री गरेको मालवस्तु प्रयोग गरी विशेष आर्थिक क्षेत्रमा अवस्थित उद्योगले तयारी मालवस्तु बनाई निकासी गरेको प्रमाण र विदेशी मुद्रा प्राप्त गरेको प्रमाण पेश गरेपछि उपनियम (१) को खण्ड (च) बमोजिमको बैङ्क जमानत फुकुवा गरिनेछ ।

(५) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि बिक्रेताले आफ्नो पैठारी मूल्यमा भन्सार महसुलसमेत समावेश गरी त्यस्तो मालवस्तु बिक्री गरेको रहेछ भने पैठारी गर्दा तिरेको भन्सार महसुल फिर्ता दिइने छैन ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-४

प्रज्ञापनपत्र र मालवस्तु जाँच गर्ने र प्रयोगमा नआउने मालवस्तु नष्ट गर्ने सम्बन्धी व्यवस्था

१९. विद्युतीय माध्यमबाट विवरण सम्प्रेषण गर्न सक्ने: (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले आफूले निकासी वा पैठारी गर्ने मालवस्तुको घोषणा विद्युतीय माध्यमद्वारा सम्बन्धित भन्सार अधिकृतसमक्ष सम्प्रेषण गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विवरण सम्प्रेषण गर्ने कार्यविधि विभागले तोकेबमोजिम हुनेछ ।

२०. सवारी चालकले दिनु पर्ने विवरण : ऐनको दफा १७ बमोजिम सवारी साधनको चालकले सो साधनमा रहेको मालवस्तुको विवरण दिंदा अनुसूची-२ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

२१. प्रज्ञापनपत्रसाथ संलग्न गर्नु पर्ने कागजात: (१) ऐनको दफा १८ बमोजिम मालवस्तु निकासी वा पैठारी गर्ने व्यक्तिले प्रज्ञापनपत्र भरी सम्बन्धित क्षेत्रको भन्सार अधिकृतसमक्ष पेश गर्दा देहायका कागजात संलग्न गर्नु पर्नेछ :-

(क) तेस्रो मुलुकबाट मालवस्तु पैठारी गर्दा,-

(१) भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात,

(२) बीजक (इन्भ्वाइस),

(३) प्याकिङ्ग लिष्ट,

(४) बिल अफ लेडिङ्ग वा एयरवे बिल,

(५) उत्पत्तिको प्रमाणपत्र,

(६) विदेशी विनिमय नियन्त्रण (वि.वि.नि.) फाराम,

(७) भारतमा ट्रान्जिट भई पैठारी गरिने मालवस्तुको हकमा भन्सार पारवहनसम्बन्धी कागजात,

(८) हवाई मार्गबाट पैठारी हुनेमा सम्वन्धित एयरलाइन्सको डेलिभरी अर्डर,

(९) भन्सार कार्यालयमा कुनै टर्मिनल सञ्चालक भएकोमा त्यस्तो टर्मिनल सञ्चालकले जारी गरेको डेलिभरी अर्डर,

(१०) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

(ख) भारतबाट मालवस्तु पैठारी गर्दा,-

(१) बीजक ( इन्भ्वाइस),

(२) प्याकिङ्ग लिष्ट,

(३) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) इनबन्ड अन्तर्गत पैठारी गर्दा उपखण्ड (१),(२) र (३) का अतिरिक्त नेपाल इन्भ्वाइस (इनवण्ड फाराम), बि.वि.नि. फाराम, भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात र सोमा उल्लेख भएबमोजिमका कागजातहरु,

(५) "ड्युटी रिफन्डेबल प्रोसिजर (डी.आर.पी.) अन्तर्गत पैठारी गर्दा उपखण्ड (१),(२) र (३) का अतिरिक्त नेपाल इन्भ्वाइस (डी.आर.पी.फाराम) ।

स्पष्टीकरण: यस खण्डको प्रयोजनको लागि "इनबन्ड" भन्नाले नेपाल राष्ट्र बैङ्कले तोकेको प्रक्रिया अनुसार विदेशी मुद्रा भुक्तानी गरी भारतबाट पैठारी गर्ने प्रक्रिया सम्झनु पर्छ र "ड्युटी रिफन्डेबल प्रोसिजर (डी.आर.पी.)" भन्नाले नेपाल र भारतबीच भएको वाणिज्य सन्धिअनुसार भारतबाट नेपालमा पैठारी हुने मालवस्तुमा भारतमा लागेको अन्तःशुल्क वापतको रकम भन्सार महसुलबाट घटाउन पाउने गरी पैठारी गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(ग) निकासी गर्दा,-

(क) बीजक ( इन्भ्वाइस),

(ख) प्याकिङ्ग लिष्ट,

(ग) उत्पत्तिको प्रमाणपत्र,

(घ) तेस्रो मुलुकमा निकासी हुनेमा भुक्तानी प्रक्रियासम्बन्धी बैङ्किङ कागजात,

(ङ) प्रचलित कानूनबमोजिम सम्बन्धित निकायको कुनै सिफारिस, इजाजत वा प्रमाणपत्र चाहिनेमा तत्सम्बन्धी कागजात ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै फर्म वा उद्योगले पहिलो पटक मालवस्तु निकासी वा पैठारी गर्न लागेको भए फर्मको हकमा फर्म दर्ताको प्रमाणपत्र, उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र र त्यस्तो फर्म वा उद्योगको स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिसमेत पेश गर्नु पर्नेछ ।

२२. प्रज्ञापनपत्रको ढाँचा: प्रज्ञापनपत्रको ढाँचा अनुसूची-३ बमोजिम हुनेछ ।

२३. मालवस्तु फिर्ता पठाउन सकिने: (१) ऐनको दफा ३० को उपदफा (४) बमोजिम मालवस्तु फिर्ता पठाउनु पर्ने भएमा त्यस्तो मालवस्तु पैठारी गर्ने व्यक्तिले मालवस्तुको बीजक, प्रतीतपत्र खोली पैठारी भएको भए प्रतीतपत्र, बिल अफ लेडिङ वा एअर वे बिल र प्याकिङ लिष्टको प्रतिलिपि संलग्न गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । मालवस्तुको प्रकृति अनुसार अन्य कागजात आवश्यक पर्ने देखेमा भन्सार अधिकृतले पैठारीसँग सम्बन्धित अन्य कागजातसमेत पैठारीकर्तालाई पेश गर्न लगाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सो सम्बन्धमा सम्पूर्ण व्यहोरा र आफ्नो रायसमेत उल्लेख गरी महानिर्देशकसमक्ष लेखी पठाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम लेखिआएको विषयका सम्बन्धमा महानिर्देशकले जाँचबुझ गर्दा त्यस्तो मालवस्तु फिर्ता लैजान दिने मनासिव देखेमा फिर्ता लैजान आदेश दिन गरी भन्सार अधिकृतलाई अनुमति दिन सक्नेछ । यस्तो अनुमति प्राप्त भएपछि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई त्यस्तो मालवस्तु पन्ध्र दिनभित्र विदेशस्थित निकासीकर्तालाई फिर्ता पठाउन आदेश दिनेछ ।

(४) उपनियम (३) बमोजिम अनुमति दिंदा त्यस्तो मालवस्तु पैठारी गर्दा भुक्तानी गरेको विदेशी मुद्रा फिर्ता ल्याउने गरी भन्सार अधिकृतले मनासिब अवधि तोकी सम्बन्धित पैठारीकर्तालाई कबुलियत गराउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको अवधिभित्र विदेशी मुद्रा फिर्ता ल्याएको प्रमाण सम्बन्धित भन्सार कार्यालयमा पेश नगरेमा त्यस्तो पैठारीकर्तालाई विदेशी मुद्रा अपचलनमा प्रचलित कानूनबमोजिम कारबाही गर्नका लागि भन्सार कार्यालयले सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

२४. सम्बन्धित स्थानमा गई मालवस्तु जाँच गर्ने सम्बन्धी व्यवस्था: (१) ऐनको दफा ३१ को उपदफा (१) बमोजिम कुनै पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गरिदिन प्रज्ञापनपत्र भरी भन्सार अधिकृतसमक्ष नियम २१ मा उल्लिखित कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दिइएको निवेदन अनुसार निकासी गर्ने मालवस्तु त्यस्तो मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई जाँच गर्दा वा पैठारी गरी ल्याएको मालवस्तु भन्सार क्षेत्रभन्दा बाहिर गई जाँच गर्दा प्रति कन्साइन्मेन्ट एकहजार रुपैयाँ शुल्क लाग्नेछ ।

(३) उपनियम (२) बमोजिम निकासी हुने मालवस्तु जाँच गरेपछि जाँच गर्ने कर्मचारीले त्यस्तो मालवस्तु आफ्नै रोहबरमा ढुवानीको साधनमा राख्न लगाई बन्द गरी सील लगाउनु पर्नेछ र मालवस्तु निकासी हुँदाका बखत भन्सार कार्यालयले उक्त सील दुरुस्त छ छैन यकिन गरेर मात्र निकासी गर्न दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम भन्सार क्षेत्रभन्दाबाहिर गई जाँच गर्न खटिएको कर्मचारीले सो प्रयोजनका निमित्त यातायातको साधन प्रयोग गर्नु पर्ने भएमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ताले त्यस्तो साधनको व्यवस्था गर्नु पर्नेछ ।

२५. प्रयोगमा नआउने मालवस्तु हटाउने वा नष्ट गर्ने सम्बन्धी व्यवस्था : (१) देहायबमोजिमका मालवस्तु भन्सार कार्यालयबाट हटाउन वा नष्ट गर्न परेमा भन्सार कार्यालयको प्रमुखले सोको कारण र हटाउने वा नष्ट गर्ने तरिकासमेत उल्लेख गरी लिखित निर्णय गर्नुपर्नेछ :-

(क) ऐनको दफा ७ बमोजिम कुनै पैठारीकर्ताले आफूले पैठारी गरी भन्सार कार्यालयबाट नछुटाई नेपाल सरकारको हुने गरी छोडेको प्रयोगमा आउन नसक्ने वा लिलाम बिक्रीसमेत हुन नसक्ने अवस्थाको मालवस्तु,

(ख) ऐनको दफा ३० बमोजिम विशेष परीक्षण गर्दा स्वास्थ्य वा वातावरणलाई हानि पुऱ्याउने वा प्रतिकूल असर पार्ने देखिई भन्सार अधिकृतले विदेशी मुलुकको सम्बन्धित निकासीकर्तालाई फिर्ता गर्न दिएको आदेशबमोजिम सम्बन्धित पैठारीकर्ताले फिर्ता नपठाएको मालवस्तु ,

(ग) लिलाम बिक्री हुन नसकेको वा कुनै किसिमले प्रयोगमा ल्याउन नसकिने अवस्थाको भई ऐनको दफा ५० को उपदफा (९) बमोजिम भन्सार कार्यालयबाट सडाउन, गलाउन वा नष्ट गर्न परेको मालवस्तु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निर्णय भएपछि जिल्ला प्रशासन कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय वा नजिकको सरकारी कार्यालय मध्ये कुनै दुई वटा कार्यालयका प्रतिनिधि, उपलब्ध भएसम्म स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि र भन्सार अधिकृतको रोहवरमा मुचुल्का खडा गरी सार्वजनिक रुपले त्यस्तो मालवस्तु भन्सार कार्यालयबाट हटाउने वा नष्ट गर्ने कार्य सम्बन्धित भन्सार कार्यालयले गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम त्यस्तो मालवस्तु हटाउने वा नष्ट गर्ने कार्य पूरा भएपछि भन्सार कार्यालयको प्रमुखले सो व्यहोरा प्रमाणित गरी त्यस्तो मालवस्तुलाई कार्यालयको लगतबाट कट्टा गरी सोको जानकारी विभागलाई दिनु पर्नेछ ।

(४) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जनस्वास्थ्य वा वातावरणलाई प्रतिकूल असर पर्ने मालवस्तु वा विषादी वा भारी यन्त्र उपकरण वा सवारी साधन नष्ट गर्दा विभागले तोकेबमोजिम गर्नु पर्नेछ ।

## परिच्छेद-५

## जाँचपासपछिको परीक्षणसम्बन्धी व्यवस्था

२६. पैठारीकर्ताले कागजात सुरक्षित राख्नु पर्ने: ऐनको दफा ३४ बमोजिम जाँचपासपछिको परीक्षण गर्ने प्रयोजनका लागि पैठारीकर्ताले आफूले पैठारी गरेका मालवस्तुसँग सम्बन्धित देहायबमोजिमका विवरण एवं कागजात तयार गरी त्यस्तो मालवस्तु जाँचपास भएका मितिले चार वर्षसम्म सुरक्षित राख्नु पर्नेछः-

(क) पैठारी प्रज्ञापनपत्र, महसुल तिरेको रसिद र खरिदखाता,

(ख) बिक्री बीजक तथा बिक्रीखाता,

(ग) परिमाणसमेत खुलेको मौज्दात विवरण,

(घ) मालवस्तुको पैठारी र बिक्रीसँग सम्बन्धित बैङ्किङ अभिलेख,

(ङ) वासलात तथा नाफा नोक्सान हिसाब र सोसँग सम्बन्धित अन्य विवरण,

(च) आफ्नो कारोवारको विवरण कम्प्युटर प्रणालीमा राखेको भए सो प्रणाली,

(छ) पैठारी, सञ्चय र बिक्रीसँग सम्बन्धित अन्य कागजात र विवरण ।

२७. जाँचपासपछिको परीक्षणसम्बन्धी अन्य व्यवस्था: (१) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको मूल्य यथार्थ हो वा होइन भन्ने कुरा निश्चित गर्नका लागि ऐनको दफा १३ मा उल्लेख भएबमोजिमका मूल्याङ्कनका सबै वा कुनै तरिका अवलम्बन गरी त्यस्तो मालवस्तुको मूल्य कायम गर्न सकिनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) ऐनको दफा ३४ को उपदफा (२) को प्रयोजनका लागि भन्सार कार्यालयमा पैठारीकर्ताले घोषणा गरेको मालवस्तुको परिमाण घटी घोषणा गरिएको हो वा होइन भन्ने यकिन गर्नका लागि पैठारीकर्ताको मौज्दातको भौतिक परीक्षण गर्न सकिनेछ ।

(३) पैठारीकर्ताले मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा घोषणा गरेको मूल्यको सत्यता परीक्षण गर्ने प्रयोजनका लागि निजले पैठारी गरी बिक्री गरेको मालवस्तुको खुद्रा तहसम्मको कारोवारको अभिलेख परीक्षण गर्न सकिनेछ ।

(४) जाँचपासपछिको परीक्षण गर्दा महानिर्देशक वा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई सम्भव भएसम्म सो परीक्षण गर्ने मिति र समय तोकी अग्रिम सूचना दिनु पर्नेछ ।

२८. कागजात माग गर्न सक्ने: (१) जाँचपासपछिको परीक्षण गर्ने महानिर्देशक वा भन्सार अधिकृतले सो प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क, वित्तीय संस्था एवं पैठारीकर्ताको कारोवारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित पैठारीकर्ता, निजको कारोवार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाव, कर विवरण, बीजक र यस्तै अन्य आवश्यक कागजात माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम माग गरेको कागजात उपलब्ध गराउनु सम्बन्धित बैक वा वित्तीय संस्था वा अन्य निकायको कर्तव्य हुनेछ ।

(४) विभागले जाँचपास पछिको परीक्षण कार्यलाई व्यवस्थित र सरलीकृत गर्न ऐन र यस नियमावली प्रतिकूल नहुने गरी आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

## परिच्छेद-६

## न्यून बीजकीकरण भई पैठारी भएको मालवस्तु खरिदसम्बन्धी व्यवस्था

२९. न्यून बीजकीकरण भई पैठारी भएको मालबस्तु खरिद गर्ने सम्बन्धी व्यवस्था : (१) ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम पैठारीकर्ताले घोषणा गरेको मूल्य भन्सार अधिकृतले निर्धारण गरेको मूल्यभन्दा घटी भई भन्सार अधिकृतले महानिर्देशकको पूर्व स्वीकृति लिई त्यस्तो मालवस्तुको पैठारीकर्ताले घोषणा गरेको मूल्यमा पाँच प्रतिशत थप गर्दा हुन आउने रकम पैठारीकर्तालाई भुक्तानी दिई त्यस्तो मालवस्तु खरिद गर्ने प्रयोजनको निमित्त नेपाल सरकारले एउटा कोष खडा गर्न सक्नेछ । सो कोषमा रहेको रकम फ्रिज हुने छैन ।

(२) उपनियम (१) बमोजिमको कोषमा अर्थ मन्त्रालयले ताकेबमोजिमको रकम रहनेछ ।

(३) उपनियम (१) बमोजिमको कोषको सञ्चालन र व्यवस्थापन गर्नको निमित्त देहायका पदाधिकारीहरु रहेको एक समिति रहनेछ :-

(क) महानिर्देशक –अध्यक्ष

(ख) विभागको मूल्याङ्कनसम्बन्धी विषय हेर्ने शाखाको निर्देशक –सदस्य


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विभागको लेखा प्रमुख —सदस्य सचिव

(४) उपनियम (३) बमोजिमको समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३०. खरिद गरिएको मालवस्तु लिलाम गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिने : (१) नियम २९ बमोजिमको कोषको रकमबाट खरिद गरिएको मालवस्तु परिच्छेद-७ बमोजिम लिलाम बिक्री गर्न वा सरकारी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपनियम (१) बमोजिम सरकारी प्रयोगमा ल्याइएको मालवस्तु खरिद गर्दा कोषबाट झिकिएको रकम नेपाल सरकारले तुरुन्त शोधभर्ना गर्नु पर्नेछ ।

३१. पैठारीकर्तालाई जानकारी दिनु पर्ने : नियम २९ बमोजिमको कोषको रकमबाट मालवस्तु खरिद गर्नु परेमा भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई वा निजको भन्सार एजेन्टलाई सो कुराको लिखित सूचना अनुसूची-४ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

## परिच्छेद - ७

## मालवस्तु जफत र लिलाम बिक्रीसम्बन्धी व्यवस्था

३२. भन्सार गोदाममा रहेका मालवस्तु छुटाउनु पर्ने : (१) भन्सार गोदाममा रहेको मालवस्तु त्यस्तो गोदाममा दाखिला भएको मितिले ९० दिनभित्र सम्बन्धित मालवस्तु धनीले जाँचपास गराई छुटाउनु पर्नेछ ।

तर कुनै मालवस्तु स्वास्थ्यका लागि हानिकारक, छिटो नाश हुने, भन्सार गोदाममा राखिरहन उपयुक्त नहुने वा स्थानको अभावले गर्दा सो म्यादसम्म राखिरहन नसकिने अवस्थाको भएमा भन्सार कार्यालयको प्रमुखले सो म्याद समाप्त हुनु अगावै पनि त्यस्तो मालवस्तु जाँचपास गराई लैजान मनासिब समय दिई मालवस्तुधनीलाई सूचना दिन सक्नेछ । यस्तो सूचनाको म्यादभित्र मालवस्तुधनीले मालवस्तु जाँचपास गराई नलगेमा भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिमको कारबाही चलाउन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको म्यादभित्र जाँचपास गराई नलगेका मालवस्तुको विवरण त्यस्ता मालवस्तु अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा रहेका भए त्यस्तो गोदामको संचालकले अबिलम्ब सम्बन्धित भन्सार कार्यालयमा पठाउनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिमको विवरण प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले ऐनको दफा ४७ बमोजिम अबिलम्ब कारबाही चलाउनु पर्नेछ ।

३३. लिखित आदेश बिना लिलाम बिक्री गर्न नहुने: भन्सार अधिकृतको लिखित आदेश बिना ऐनबमोजिम जफत भएका वा ऐनको दफा ७४ को उपदफा (२) बमोजिम लिलाम गर्नु पर्ने कुनै पनि मालवस्तु लिलाम बिक्री गर्न हुँदैन ।

३४. न्यूनतम मूल्य कायम गर्नु पर्ने: (१) कुनै मालवस्तु लिलाम बिक्री गर्नु पर्ने भएमा सो प्रयोजनका लागि भन्सार अधिकृतले सो मालवस्तुको न्यूनतम मूल्य कायम गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम न्यूनतम मूल्य कायम गर्दा सवारी साधन, भारी यन्त्र उपकरण र ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुका हकमा नियम ५४ बमोजिमको समितिले कायम गरेको न्यूनतम मूल्यलाई र सोबाहेक अन्य मालवस्तुको हकमा भन्सार कार्यालयमा मालवस्तु दाखिला हुँदाका वखत उल्लेख भएको मूल्यलाई न्यूनतम मूल्य कायम गर्नुपर्नेछ ।

३५. लिलाम बिक्री गर्ने कार्यविधि: (१) एकलाख रुपैयाँभन्दा बढी न्यूनतम मूल्य भएका सवारी साधन वा भारी यन्त्र उपकरण लिलाम बिक्री गर्न भन्सार कार्यालयले एककाईस दिनको म्याद दिई देहायका कुराहरुसमेत खुलाई राष्ट्रियस्तरका दैनिक पत्रपत्रिकामा सूचना प्रकाशन गरी वोलपत्र आह्वान गर्नु पर्नेछ :-

(क) सवारी साधन वा ढुवानी साधनको विवरण, इन्जीन नम्बर, चेसिस नम्बर र उत्पादन वर्ष,

(ख) उत्पादन भएको मितिले बीस वर्ष नाघेका वा इन्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधनका सम्बन्धमा लिलाम पश्चात् पुन: सवारी साधनका रुपमा दर्ता हुन नसक्ने कुरा,

(ग) न्यूनतम मूल्य,

(घ) वोलपत्र पठाउने तरिका, वोलपत्रवापत लाग्ने दस्तुर, वोलपत्र खोल्ने समय, मिति र स्थान, वोलपत्र साथ आफूले कवुल गरेको अङ्कको दश प्रतिशतले हुने रकम दाखिला गर्नुपर्ने बैङ्कखाताको विवरण र सो खातामा रकम दाखिला गरेको सक्कल भौचर संलग्न हुनु पर्ने कुरा,

(ङ) लिलाम अङ्कमा कुनै कर, शुल्क आदि लाग्ने भए सो कुरा,

(च) लिलाम सकार गरेको मालवस्तु उठाइ लैजानु पर्ने अवधि,

(छ) इच्छुक व्यक्तिले लिलाम बिक्री हुने मालवस्तु हेर्न वा अवलोकन गर्न सक्ने स्थान र समय,

(ज) अन्य आवश्यक कुराहरु ।

(२) उपनियम (१) मा उल्लिखित मालवस्तुबाहेक अन्य मालवस्तु लिलाम बिक्री गर्न पन्ध्र दिनको म्याद दिई देहायका कुराहरुसमेत खुलाई सम्बन्धित भन्सार कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्र वा खुला वोलकबोल आह्वान गर्नु पर्नेछ । त्यस्तो सूचना सम्बन्धित जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, जिल्ला विकास समितिको कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय र उद्योग वाणिज्य संघको कार्यालयमासमेत टाँस गर्न पठाउनु पर्नेछ :-

(क) उपनियम (१) को खण्ड (क),(ख),(ग),(ङ) (च) ,(छ) र (ज) मा उल्लिखित कुरा,

(ख) मालवस्तुको विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) सिलबन्दी दरभाउपत्र आह्वान गरेकोमा त्यस्तो सिलबन्दी दरभाउपत्र पठाउने तरिका, सिलबन्दी दरभाउपत्रवापत लाग्ने दस्तुर, सिलबन्दी दरभाउपत्र खोल्ने स्थान, समय र मिति

(घ) खुला बोलकबोल आह्वान गरेकोमा बोलकबोलद्वारा लिलाम बढाबढ हुने स्थान तथा शुरु र अन्त्य हुने समय र मिति,

(ङ) न्यूनतम मूल्यबाट नै लिलाम बढाबढ शुरु हुने कुरा,

(च) लिलाम सकार गर्न बोलकबोल शुरु गर्नुअघि नै न्यूनतम मूल्यको दश प्रतिशतले हुने रकम नगद धरौटी राख्नु पर्ने कुरा र कबोल अङ्क बढ्दै गएमा सोही अनुपातमा धरौटी थप गर्दै जानु पर्ने कुरा ।

(३) उपनियम (१) वा (२) बमोजिम बोलपत्र वा सिलबन्दी दरभाउपत्र माग गर्दा बोलपत्र वा सिलबन्दी दरभाउपत्र खरिद र दाखिलासम्बन्धी कार्य सम्बन्धित भन्सार कार्यालयमा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) उपनियम (१) वा (२) बमोजिम प्रकाशित सूचना अनुसार बोलपत्र वा दरभाउपत्र पेश गर्ने व्यक्तिले न्यूनतम मूल्यमा नघट्ने गरी आफूले कबोल गरेको रकमको दश प्रतिशतले हुने रकम भन्सार कार्यालयले तोकेको बैङ्कखातामा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नुपर्नेछ ।

(५) भन्सार कार्यालयमा दाखिला हुन आएका चोरी पैठारी वा चोरी निकासी गरेको मालवस्तु ढुवानी गर्न प्रयोग भएको सवारी साधन स्थानको अभाव वा संरक्षण गर्न नसकिने कारणले सो कार्यालयमा राखिरहन उपयुक्त नदेखिएमा सम्बन्धित भन्सार अधिकृतले नियम ५४ बमोजिमको समितिबाट त्यस्तो साधनको न्यूनतम मूल्य कायम गराई यस परिच्छेदको प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्न गराउन सक्नेछ ।

३६. <u>लिलाम स्वीकृत गर्ने वा पुन लिलाम बिक्री गर्ने:</u> (१) नियम ३५ बमोजिम पेश हुन आएको बोलपत्र वा सिलबन्दी दरभाउपत्र सोही सूचनामा उल्लिखित स्थान र समयमा खोली सम्बन्धित भन्सार अधिकृतले कबोल रकमको तुलनात्मक विवरण वा खुला बोलकबोलद्वारा डाक बढाबढ भएकोमा सोको मुचुल्का तयार गर्नु गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको तुलनात्मक विवरण वा मुचुल्काका आधारमा न्यूनतम मूल्य वा सोभन्दा बढी रकम कबोल गर्ने व्यक्तिको कबोल अङ्क स्वीकृत गर्नु पर्नेछ । न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने व्यक्ति एकभन्दा बढी भएमा सबैभन्दा बढी अङ्क कबोल गर्नेको कबोल अङ्क स्वीकृत गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कबोल अङ्क स्वीकृत भएपछि लिलाम सकार गर्ने व्यक्तिलाई सात दिनभित्र बाँकी रकम भुक्तानी गरी मालवस्तु उठाई लैजाने सूचना दिनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिमको म्यादभित्र बाँकी रकम भुक्तान गरी मालवस्तु उठाई नलगेमा निजको धरौटी जफत गरी न्यूनतम मूल्यभन्दा बढी कबोल गर्ने क्रमशः दोस्रो, तेस्रो वा चौथो घटिवालाको कबोल अङ्क स्वीकृत गर्न सकिनेछ । यसरी घटीवालाको कबोल अङ्क स्वीकृत गर्दा पनि लिलाम बिक्री हुन नसकेमा धरौटी जफत गरी पुनः लिलाम गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम पुनः लिलाम बिक्री गनुपर्ने भएमा दोस्रो पटक बोलपत्र, सिलबन्दी दरभाउपत्र वा बोलकबोलको सूचना प्रकाशन गर्दा सात दिनको म्याद दिई सूचना प्रकाशन गर्न सकिनेछ ।

(६) उपनियम (५) बमोजिम दोस्रो पटक सूचना प्रकाशित गर्दा पनि न्यूनतम मूल्यमा कसैले लिलाम सकार गर्न नआएमा नियम ५४ बमोजिमको समितिबाट पुनः मूल्याङ्कन गराई संशोधित न्यूनतम मूल्य कायम गरी नियम ३५ बमोजिम सूचना प्रकाशन गरी लिलाम बढाबढ गराउनु पर्नेछ । यसरी पुनः मूल्याङ्कन गरिएको मूल्यमा पनि लिलाम बढाबढ हुन नसकेमा भन्सार अधिकृतले सम्बन्धित जिल्ला प्रशासन कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रोहवरमा मूल्याङ्कन गरी सिधै बिक्री गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिमसमेत लिलाम हुन नसकेका मालवस्तुको हकमा महानिर्देशकको स्वीकृति लिई त्यस्तो मालवस्तुको लगत कट्टा गरी नियम २५ बमोजिम नष्ट गर्नु पर्नेछ ।

(८) उत्पादन भएको मितिले बीस वर्ष नाघेका सवारी साधन वा इञ्जिन नम्बर वा चेसिस नम्बर वा उत्पादन वर्ष नखुलेका वा खुलाउन नसकिएका सवारी साधन लिलाम गर्दा लिलाम सकार गर्ने व्यक्तिकै खर्चमा पुनः सवारी साधनको रुपमा प्रयोगमा आउन नसक्ने गरी पत्रु बनाई सो व्यहोरा प्रज्ञापनपत्रमा नै उल्लेख गरी लिलाम गर्नुपर्नेछ ।

(९) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जफत भई वा भन्सार कार्यालयबाट छुटाई नलगी नेपाल सरकारको हुन आएको सुन, चांदी, हिरा, जवाहरात, अमूल्य खनिजपदार्थ वा यसबाट बनेका गहना तथा अन्य वस्तुहरु नेपाल राष्ट्र बैंकले खरिद गर्ने भएमा सो बैंकमा दाखिला गर्न पठाई प्रचलित मूल्यबमोजिम बिक्री गर्नु पर्नेछ । नेपाल राष्ट्र बैंकले खरिद नगरेमा वा आंशिक रुपमा मात्र खरिद गरी बाँकी रहेमा त्यस्ता वस्तुहरु विभागको स्वीकृत लिई यस नियमावलीबमोजिम कायम भएको मूल्यका आधारमा एकलाख रुपैयाँसम्म मूल्यको भएमा डाँक बढाबढद्वारा र एकलाख रुपैयाँभन्दा बढी मूल्यको भएमा बोलपत्रको माध्यमद्वारा यस नियमावलीबमोजिम लिलाम गर्नु पर्नेछ ।

(१०) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम इजाजत लिएर मात्र बिक्री गर्न पाउने मालवस्तु लिलाम बिक्री गर्दा त्यस्तो इजाजतवाला व्यक्तिलाई मात्र लिलाम बिक्री गर्नु पर्नेछ ।

(११) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेशनल ट्रेडिङ्ग लिमिटेड, साल्ट ट्रेडिङ्ग कर्पोरेशन, साझा भण्डार लि., तारा गाउँ विकास समिति वा सहकारी संस्थाले भन्सारबाट लिलाम बिक्री गरिने मालवस्तु खरिद गर्न चाहेमा यस नियम बमोजिम कायम भएको न्यूनतम मूल्यमा कम नहुने गरी वार्ताद्वारा न्यूनतम मूल्य वा सोभन्दा बढी मूल्यमा भन्सार अधिकृतले सिधै बिक्री गर्न सक्नेछ ।

(१२) यस परिच्छेदमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनबमोजिम कब्जा वा जफत गरिएका वा ऐनको दफा १३ को उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तु मध्ये सड्ने, गल्ने वा पुरानो भई मूल्य घट्न जाने वा उपभोग्य मिति तीन महिनाभन्दा कम भएका मालवस्तु वा गोदाम वा स्थानको अभावले सुरक्षित राख्न नसकिने अवस्थाका मालवस्तु वा जीवजन्तु रहेछ भने भन्सार अधिकृतले कार्यालयको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सूचनापाटीमा सूचना टाँस गरी त्यस्तो मालवस्तु आफूकहां दाखिला भएको दिन वा भोलिपल्ट लिलाम गर्न सक्नेछ । यस उपनियम बमोजिम मालवस्तु लिलाम गर्दा लिलाम बढाबढमा जे जति अधिकतम मूल्य प्राप्त हुन्छ सोही मूल्यको लिलाम भन्सार अधिकृतले स्वीकृत गर्न सक्नेछ ।

(१३) कुनै भन्सार कार्यालयमा भन्सार अधिकृतको दरवन्दी नै नभएको कारणले यस नियमबमोजिम मालवस्तु लिलामसम्बन्धी कारवाही गर्न बाधा पुगेमा यस सम्बन्धमा महानिर्देशकले आवश्यक व्यवस्था गर्न सक्नेछ ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनका लागि "भन्सार अधिकृत" भन्नाले राजपत्राङ्कित श्रेणीको भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको निमित्त भै काम गर्ने निजको मातहातको कर्मचारीलाई जनाउँछ ।

## परिच्छेद-८

## भन्सार एजेन्टसम्बन्धी व्यवस्था

३७. भन्सार एजेन्टको इजाजपत्रसम्बन्धी व्यवस्था: (१) भन्सार एजेन्ट नियुक्ति गर्नका लागि विभागले समय समयमा सार्वजनिक सूचना प्रकाशन गरी भन्सार एजेन्टको इजाजतपत्र लिन इच्छुक व्यक्तिका लागि दरखास्त माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम सूचना प्रकाशित भएपछि भन्सार एजेन्टको इजाजतपत्र लिन चाहने देहायको योग्यता पुगेको प्राकृतिक व्यक्ति वा सोही योग्यता पुगेको एकल व्यक्तिमा स्वामित्व रहेको प्रचलित कानून बमोजिम दर्ता भएको निजी फर्म वा एकल शेयरधनी भएको कम्पनीको मालिकले विभागले तोकेको दस्तुर संलग्न गरी विभाग वा भन्सार कार्यालयमा अनुसूची-५ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ:-

(क) २१ वर्ष उमेर पुगेको,

(ख) कम्तीमा प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको वा सोसरहको शैक्षिक योग्यता हासील गरेको,

(ग) नेपाल सरकारलाई तिर्न बुझाउन पर्ने रकम बाँकी नभएको,

(घ) कुनै फौजदारी अभियोगमा अदालतबाट कसूरदार प्रमाणित नभएको ।

(३) विभागले लिखित परीक्षा तथा अन्तरवार्ताको माध्यमद्वारा दरखास्तवाला मध्येबाट भन्सार एजेन्टको इजाजतपत्र दिन उपयुक्त व्यक्तिहरुको छनोट गर्नेछ । यस्तो लिखित परीक्षा र अन्तरवार्ता दिंदा फर्म वा कम्पनीको हकमा सो फर्म वा कम्पनीको प्रोप्राइटरले दिनुपर्नेछ ।

(४) उपनियम (३) बमोजिम छनोट भएको व्यक्तिलाई तीन लाख रुपैया नगद धरौटी वा सो रकम बराबरको बैङ्कजमानत लिई विभागमा दरखास्त दिनेलाई विभागले र भन्सार कार्यालयमा दरखास्त दिनेलाई सम्बन्धित भन्सार कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भन्सार एजेन्टको इजाजतपत्र दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपनियम (४) बमोजिम दिइएको भन्सार एजेन्टको इजाजतपत्रको अवधि एक आर्थिक वर्षसम्म कायम रहनेछ । यस्तो इजाजतपत्र नवीकरण गराउन चाहने इजाजतपत्रवालाले प्रत्येक आर्थिक वर्षका लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै नवीकरण दस्तुरवापत तीनहजार रूपैंयाँ तिरी देहायका कागजात संलग्न गरी त्यस्तो इजाजतपत्र नवीकरण गराउनका लागि इजाजतपत्र दिने अधिकारीसमक्ष निवेदन दिनु पर्नेछः-

(क) आयकर तिरेको प्रमाण,

(ख) बैङ्क जमानत राखी इजाजतपत्र लिएको भए त्यस्तो इजाजतपत्र नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको बैङ्क जमानत,

(६) उपनियम (५) बमोजिमको म्यादभित्र इजाजतपत्र नवीकरण गराउन नसक्ने इजाजतपत्रवालाले म्याद समाप्त भएको मितिले तीन महिनाभित्र तीनहजार रुपैयाँ थप दस्तुर तिरी इजाजतपत्र नवीकरण गराउन सक्नेछ । सो थप म्यादभित्रसमेत नवीकरण नगराउने भन्सार एजेन्टको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

(७) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि इजाजतपत्र नवीकरण नगरेको अवधिमा भन्सार एजेन्टको हैसियतले कुनै काम गर्न पाइने छैन ।

(८) भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरेको प्राकृतिक व्यक्ति वा एकल व्यक्तिमा स्वामित्व रहेको प्रचलित कानूनबमोजिम दर्ता भएको फर्म वा एकल स्वामित्व भएको कम्पनीको मालिकले भन्सार एजेन्टको इजाजतपत्र लिएकोमा सो इजाजतपत्रवालाले सामान्यतया भन्सार कार्यालयमा आफै उपस्थित भई काम गर्नु पर्नेछ । कुनै कारणबस आफै उपस्थित भै काम गर्न नसक्ने भएमा सोको कारण खोली उपनियम (२) बमोजिम योग्यता पुगेको एक जना व्यक्तिलाई आफ्नो प्रतिनिधिको रुपमा नियुक्ति गर्नका लागि निजले इजाजतपत्र जारी गर्ने अधिकारीसमक्ष निवेदन दिन सक्नेछ ।

(९) उपनियम (८) बमोजिम निवेदन प्राप्त भएमा इजाजतपत्र जारी गर्ने अधिकारीले भन्सार एजेन्ट र निजले प्रतिनिधि नियुक्त गर्न खोजेको व्यक्तिलाई उपस्थित गराई आवश्यक जाँचबुझ गरी त्यस्तो प्रतिनिधि नियुक्ति गर्न भन्सार एजेन्टलाई अनुमति दिन सक्नेछ । यसरी अनुमति प्राप्त गरेपछि भन्सार एजेन्टले त्यस्तो प्रतिनिधिलाई कुनै एउटा भन्सार कार्यालयमा मात्र आफ्नो तर्फबाट कामकाज गर्न पाउने गरी भन्सार कार्यालय तोकी प्रतिनिधि नियुक्ति गरी सो नियुक्तिपत्र अनुमति दिने अधिकारीबाट प्रमाणित गराउनु पर्नेछ ।

(१०) भन्सार एजेन्टले एक जनाभन्दा बढी प्रतिनिधि नियुक्ति गर्नुपर्ने भएमा एउटा भन्सार कार्यालयमा एक जनामा नबढ्ने गरी उपनियम (९) को अधीनमा रही उपनियम (२) बमोजिम योग्यता पुगेका प्रतिनिधिहरु नियुक्त गर्न सक्नेछ । यसरी एक जनाभन्दा बढी प्रतिनिधि नियुक्ति गर्नुपरेमा त्यस्तो प्रत्येक प्रतिनिधि नियुक्त गर्नका लागि उपनियम (४) बमोजिमको धरौटी राखेपछि मात्र इजाजतपत्र जारी गर्ने अधिकारीले प्रतिनिधि नियुक्ति गर्न अनुमति दिन सक्नेछ ।

(११) यस नियमबमोजिम भन्सार एजेन्टको प्रतिनिधि नियुक्त भएको व्यक्तिले एउटा भन्सार कार्यालयमा मात्र भन्सार एजेन्टको प्रतिनिधिको रुपमा काम गर्न पाउनेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१२) उपनियम (९) वा (१०) बमोजिम नियुक्त भन्सार एजेन्टको प्रतिनिधिले गरेका भन्सारसम्बन्धी काम कारबाहीको सम्पूर्ण जिम्मेवारी निजलाई नियुक्त गर्ने भन्सार एजेन्टमा रहनेछ ।

(१३) ऐन तथा यस नियमावलीको विपरीत नहुने गरी भन्सार एजेन्टको स्तर, आचारसंहिता, परीक्षा सञ्चालन प्रक्रिया, पाठ्यक्रम र भन्सार एजेन्टसम्बन्धी अन्य कुराका सम्बन्धमा विभागले आवश्यक कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

(१४) यो नियमावली प्रारम्भ हुनुअघि दिइएको भन्सार एजेन्टको इजाजतपत्र यसै नियमावलीबमोजिम दिइएको मानिनेछ । यो नियमावली प्रारम्भ हुनुअघि भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरेको व्यक्तिले इजाजतपत्र लिंदा जेथा जमानी राखेको भए यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र सो जेथा जमानीलाई नगद धरौटी वा बैङ्क जमानतमा परिणत गर्नु पर्नेछ । यो नियमावली प्रारम्भ हुनुअघि कुनै फर्म, संस्था वा कम्पनीको नाममा लिएको भन्सार एजेन्टको इजाजतपत्र यो नियमावली प्रारम्भ भएका मितिले छ महिनाभित्र प्राकृतिक व्यक्ति वा प्रचलित कानूनबमोजिम दर्ता भएको एकल व्यक्तिमा स्वामित्व रहेको निजी फर्म वा एकल शेयरधनी भएको कम्पनीको मालिकले भन्सार एजेन्टको रुपमा काम गर्ने गरी परिवर्तन गर्न विभागमा निवेदन दिनु पर्नेछ । यस्तो निवेदन प्राप्त हुनआएमा विभागले आवश्यक जाँचबुझ गरी त्यस्तो इजाजतपत्र परिवर्तन गर्न सक्नेछ ।

तर एकल व्यक्तिमा स्वामित्व रहेको निजी फर्म वा एकल शेयरधनी भएको कम्पनीको मालिकले नै भन्सार एजेन्टको इजाजतपत्र लिएको रहेछ भने त्यस्तो इजाजतपत्र परिवर्तन गर्नु पर्ने छैन ।

(१५) उपनियम (१४) बमोजिमको म्यादभित्र जेथा जमानीलाई नगद धरौटी वा बैङ्क जमानतमा परिणत नगर्ने वा इजाजतपत्र परवर्तन नगर्ने व्यक्ति, फर्म वा संस्थालाई दिइएको इजाजतपत्र स्वतः रद्द हुनेछ ।

३८. भन्सार एजेन्ट नियुक्त गर्न सक्ने: (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार कार्यालयमा आफै उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्यहरु गर्न सक्नेछ ।

(२) निकासीकर्ता वा पैठारीकर्ता कुनै सरकारी निकाय, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था वा निकाय रहेछ भने त्यस्तो संस्था वा निकायको संचालक समिति वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुखले निर्णय गरी तोकेको सोही संस्था वा निकायको बहालवाला कर्मचारीले भन्सार कार्यालयमा उपस्थित भै मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ ।

(३) निकासीकर्ता वा पैठारीकर्ता प्रचलित कानूनबमोजिम दर्ता भएको कुनै फर्म वा कम्पनी वा सँगठित संस्था वा निकाय रहेछ भने त्यस्तो फर्म वा कम्पनी वा संगठित संस्था वा निकायको संचालक वा साझेदार वा कार्यकारी प्रमुख वा प्रशासकीय प्रमुखले भन्सार कार्यालयमा उपस्थित भई मालवस्तु जाँचपास गर्न वा भन्सार कार्यालयसँग सम्बन्धित अन्य कार्य गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) कुनै निकासीकर्ता वा पैठारीकर्ताले भन्सार एजेन्टमार्फत मालवस्तु जाँचपास गराउन वा भन्सार कार्यालयसँग सम्बन्धित कार्य गराउन चाहेमा भन्सार एजेन्टलाई अनुसूची-७ बमोजिमको ढाँचामा नियुक्तिपत्र दिई भन्सार एजेन्ट नियुक्त गर्न सक्नेछ ।

(५) उपनियम (४) बमोजिम पहिलोपटक भन्सार एजेन्ट नियुक्ति गर्दा निकासीकर्ता वा पैठारीकर्ता कुनै भन्सार कार्यालयमा उपस्थित भै भन्सार अधिकृतको रोहवरमा निवेदन दिनु पर्नेछ । यस्तो निवेदनका साथमा नवीकरण भएको भन्सार एजेन्टको प्रमाणपत्र र निकासीकर्ता वा पैठारीकर्ता कुनै फर्म वा कम्पनी वा उद्योग भएमा त्यस्तो फर्म वा कम्पनी वा उद्योग दर्ताको प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपिसमेत पेश गर्नु पर्नेछ । यस्ता प्रमाणपत्रको आधिकारिकता जाँच गर्न आवश्यक देखिएमा भन्सार अधिकृतले सक्कल प्रमाणपत्र माग गर्न सक्नेछ ।

(६) उपनियम (५) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सनाखत गरी आफ्नै रोहवरमा सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई भन्सार एजेन्टको नियुक्तिपत्रमा आवश्यक विवरण भर्न लगाई प्रमाणित गरी सोको अभिलेख राखी सो नियुक्तिपत्र सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ । कुनै निकासीकर्ता वा पैठारीकर्ताले नियुक्ति गर्न चाहेको भन्सार एजेन्टलाई भन्सारसम्बन्धी काम गर्न दिन नहुने कुनै खास कारण भएमा भन्सार अधिकृतले सोको लिखित जानकारी सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई दिनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम भन्सार अधिकृतबाट प्रमाणित भएको नियुक्तिपत्र सम्बन्धित भन्सार एजेन्टले आफूले काम गर्न चाहेको भन्सार कार्यालयको कार्यालय प्रमुख वा भन्सार अधिकृत समक्ष पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएपछि कार्यालय प्रमुख वा भन्सार अधिकृतले सो नियुक्तिपत्रमा आवश्यक विवरण भर्न लगाई दस्तखत गराई प्रमाणित गरी अभिलेख राख्नुपर्नेछ ।

(८) यो नियमावली प्रारम्भ हुनुअघि नियुक्ति भएको भन्सार एजेन्टले यो नियम प्रारम्भ भएको मितिले एक महिनाभित्र उपनियम (५), (६) र (७) बमोजिमको प्रक्रिया पूरा गर्नु पर्नेछ । यस्तो प्रक्रिया पूरा नगरेमा निजले भन्सार एजेन्टको रुपमा काम गर्न पाउने छैन ।

३९. भन्सार एजेन्टलाई तालिम दिने: भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरी भन्सार एजेन्टको रुपमा सेवा प्रारम्भ गरिनसकेका तथा इजाजतपत्र प्राप्त गरी भन्सार एजेन्टको रुपमा सेवा प्रदान गरिरहेका भन्सार एजेन्टहरुका लागि विभागले समय समयमा आफै वा अन्य कुनै संस्था वा निकायमार्फत तालिम प्रदान गर्न सक्नेछ ।

४०. भन्सार एजेन्टको इजाजतपत्र रद्द हुने: भन्सार एजेन्टको इजाजतपत्र देहायको अवस्थामा रद्द हुन सक्नेछ:-

(क) झुठा विवरण वा कागजात पेश गरी भन्सार एजेन्टको इजाजतपत्र प्राप्त गरेमा,

(ख) कुनै अदालतबाट फौजदारी अभियोगमा दोषी प्रमाणित भएमा ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-९

मूल्याङ्कन पुनरावलोकनसम्बन्धी व्यवस्था

४१. मूल्याङ्कन पुनरावलोकनका लागि निवेदन दिन सक्ने : भन्सार अधिकृतले ऐनको दफा १३ बमोजिम गरेको निर्णय वा आदेशउपर चित्त नबुझ्ने व्यक्तिले पुनरावलोकनको लागि मूल्याङ्कन पुनरावलोकन समितिसमक्ष अनुसूची- ८ बमोजिमको ढाँचामा निवेदन दिन सक्नेछ । यसरी निवेदन दिएकोमा त्यस्तो निवेदनको प्रतिलिपि निवेदन दिएको सात दिनभित्र सम्बन्धित भन्सार कार्यालयमासमेत दिनुपर्नेछ ।

४२. मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकार: (१) मूल्याङ्कन पुनरावलोकन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ:-

(क) निवेदकले पेश गरेको प्रमाण बुझ्ने,

(ख) भन्सार अधिकृतले गरेको निर्णयलाई सदर गर्ने वा सो निर्णय बदर गरी तत्सम्बन्धमा भन्सार अधिकृतले गर्ने निर्णय आफै गर्ने,

(ग) निवेदकबाट थप प्रमाण वा कागजात दाखिला गराउने,

(घ) मालवस्तुको मूल्याङ्कनका लागि आवश्यक पर्ने सूचना संकलन गर्ने ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको निर्णयको जानकारी निर्णय भएका मितिले सात दिनभित्र निवेदक, विभाग र सम्बन्धित भन्सार कार्यालयलाई दिनु पर्नेछ ।

(३) मूल्याङ्कन पुनरावलोकन समितिले गरेको काम कारबाहीको मासिक प्रतिवेदन महिना भुक्तान भएको सात दिनभित्र अर्थ मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

४३. मूल्याङ्कन पुनरावलोकन समितिको कार्यविधि: (१) मूल्याङ्कन पुनरावलोकन समितिको अधिकार क्षेत्रको प्रयोग तीनै जना सदस्यले सामूहिक रुपमा गर्ने छन् र बहुमतको राय मूल्याङ्कन पुनरावलोकन समितिको निर्णय मानिनेछ ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिले मूल्याङ्कन पुनरावलोकनका लागि परेको निवेदनमाथि अन्तिम निर्णय दिंदा अध्यक्षसहित दुवै जना सदस्यको उपस्थिति आवश्यक पर्नेछ ।

४४. निवेदन किनारा लगाउनु पर्ने अवधि: मूल्याङ्कन पुनरावलोकन समितिले निवेदन दर्ता भएको मितिले नब्बे दिनभित्र त्यस्तो निवेदनको अन्तिम किनारा लगाउनु पर्नेछ ।

४५. मूल्याङ्कन पुनरावलोकन समितिका अध्यक्ष तथा सदस्यहरुको पारिश्रमिक: (१) मूल्याङ्कन पुनरावलोकन समितिको अध्यक्षले प्रति महिना आठ हजार रुपैंया र सदस्यले प्रति महिना छ हजार रुपैंया भत्ता पाउनेछ ।

(२) मूल्याङ्कन पुनरावलोकन समितिको कुनै सदस्य वहालवाला निजामती कर्मचारी नभएमा निजले उपनियम (१) बमोजिमको भत्ताका अतिरिक्त प्रति महिना नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीको कर्मचारीको शुरु तलव स्केल बराबरको रकम पारिश्रमिक पाउनेछ ।



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४६. अर्थ मन्त्रालयले आवश्यक व्यवस्था गर्नेः मूल्याङ्कन पुनरावलोकन समितिको लागि कार्यालय, भौतिक सुविधा र कर्मचारीहरुको व्यवस्था अर्थ मन्त्रालयले गर्नेछ ।

परिच्छेद-१०

सुराकी र पुरस्कारसम्बन्धी व्यवस्था

४७. पुरस्कारसम्बन्धी व्यवस्थाः (१) कसैले कुनै मालवस्तु चोरी निकासी वा चोरी पैठारी गर्न लागेमा वा गरेमा पक्राउ गर्ने वा त्यसरी चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिने व्यक्तिलाई सो मालवस्तु चोरी निकासी वा चोरी पैठारी गरेको वा गर्न लागेको प्रमाणित हुन आएमा त्यस्तो मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकमबाट मुद्धाको अन्तिम किनारा भएपछि देहायबमोजिमपुरस्कार दिइनेछ :-

(क) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको सुराकी दिनेलाई पन्ध्र प्रतिशत,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मानिससहित पक्री पेश गरेकोमा तीस प्रतिशत,

तर,

त्यस्तो मालवस्तु सुन, चांदी वा जवाहिरात भएमा बीस प्रतिशत ।

(ग) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु मात्र पक्री पेश गरेकोमा बीस प्रतिशत।

(२) यस नियमबमोजिम कुनै कर्मचारीलाई सुराकी वापतको पुरस्कार दिंदा भन्सार कार्यालयले भुक्तानी गरेको भरपाईका साथमा निजको परिचय पत्रको प्रतिलिपि अनिवार्य रुपमा राख्नु पर्नेछ । सुराकी वापतको पुस्कार प्राप्त गर्ने व्यक्ति कर्मचारी नभई अन्य ब्यक्ति भएमा भरपाइका साथमा निजको परिचय खुल्ने प्रमाणको प्रतिलिपि अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम पुरस्कार पाउने व्यक्ति एकभन्दा बढी भएमा यस नियमावलीबमोजिम पुरस्कारवापत पाउने रकम दामासाहीले दिइनेछ ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली विपरीत प्राप्त हुन आएको सुराकीलाई पुरस्कार दिइने छैन ।

स्पष्टीकरणः यस नियमको प्रयोजनका लागि "मालवस्तु लिलाम बिक्री गरी प्राप्त हुन आएको रकम" भन्नाले मालवस्तु लिलाम बिक्री गर्दा लिलामी मूल्यमा प्रचलित कानूनबमोजिम जोडिने अन्य कर शुल्क आदि समावेश नभएको मालवस्तुको लिलाम मूल्य वा बिक्री मूल्य वापतको रकमलाई जनाउँछ ।

४८. सुराकी प्रतिवेदन वा सूचनासम्बन्धी व्यवस्था : (१) चोरी निकासी वा चोरी पैठारीको सुराकी सम्वन्धी प्रतिवेदन वा सूचना मालवस्तु पक्राउ पर्नुअगावै प्राप्त भएको हुनुपर्नेछ ।



आधिकारिकता मुद्रण विभागवाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मालवस्तु पक्राउ भैसकेपछि प्राप्त हुने सुराकी प्रतिवेदन वा सूचनालाई मान्यता दिइने छैन ।

(२) सुराकी प्रतिवेदन वा सूचना सम्वन्धित भन्सार कार्यालयको प्रमुख वा महानिर्देशकलाई दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम सुराकी प्रतिवेदन वा सूचना प्राप्त हुन आएमा महानिर्देशकले तत्काल आफ्नै हस्ताक्षरले सोको अभिलेख राखी भन्सार कार्यालयको प्रमुखलाई मौखिक वा लिखित रुपमा जानकारी दिनु पर्नेछ । भन्सार कार्यालयको प्रमुखले सुराकी प्रतिवेदन वा सूचना सोभ्कै वा महानिर्देशकमार्फत प्राप्त गरेमा प्राप्त हुनासाथ गोप्य रुपमा छुट्टै रजिष्टरमा मिति र समय जनाई आफ्नै हस्ताक्षरले दर्ता गरी राख्नुपर्नेछ । महानिर्देशकबाहेक अन्य व्यक्तिबाट प्राप्त हुन आएको सुराकी प्रतिवेदन वा सूचनाको हकमा यस उपनियमबमोजिम दर्ता गरी अबिलम्व महानिर्देशकलाई जानकारी गराउनु पर्नेछ ।

(४) महानिर्देशकले उपनियम (३) बमोजिम प्राप्त भएको जानकारीको मिति र समयसमेत जनाई गोप्य रुपमा अभिलेख राख्नुपर्नेछ ।

(५) मालवस्तु पक्राउ पर्नुअगावै एउटै विषयमा दुई वा दुईभन्दा बढी सुराकी प्रतिवेदन वा सूचना प्राप्त भएमा पहिले प्राप्त भएको प्रतिवेदन वा सूचनालाई मान्यता दिई त्यसपछि प्राप्त सूचनालाई भन्सार कार्यालयको प्रमुखले कैफियत जनाई राखिदिनु पर्नेछ ।

(६) सुराकी दिने व्यक्तिले आफ्नो वास्तविक नाम नदिई कुनै काल्पनिक नामबाट पनि सुराकी दिन सक्नेछ । त्यस्तो काल्पनिक नामबाट सुराकी दिएको अवस्थामा त्यस्तो सुराकीको वास्तविक नाम एवं निजको स्पष्ट पहिचान हुने प्रमाणहरु (नागरिकताको प्रमाणपत्र वा परिचय पत्र वा राहदानी) को प्रतिलिपि सुराकीले भन्सार कार्यालयको प्रमुखलाई तुरुन्तै उपलब्ध गराउनुपर्नेछ । त्यस्तो प्रमाण प्राप्त गरेपछि भन्सार कार्यालयको प्रमुखले प्रमाणित गरी उक्त प्रतिलिपिमा सुराकी दर्ता नं. र मिति उल्लेख गरी खामभित्र राखी खामबाहिर सुराकी रजिष्टरको दर्ता नम्वर र मिति मात्र उल्लेख गरी सो खामलाई सिलबन्दी गरी राख्नुपर्नेछ ।

४९. <u>सुराकी दिंदा खुलाउनु पर्ने विवरण:</u> (१) हवाइ जहाजबाट हुने चोरी निकासी वा चोरी पैठारीको सुराकी दिंदा देहायको विवरण खोलिएको हुनुपर्नेछ :-

(क) हवाइ जहाजको उडान नं. र समय,

(ख) चोरी निकासी वा चोरी पैठारी गर्ने व्यक्तिको सम्भव भएसम्म नाम, नभए निजको हुलिया र मालवस्तु लुकाई छिपाई ल्याउने तरिका,

(ग) हवाई जहाजभित्र लुकाई छिपाई ल्याएकोमा त्यसरी लुकाई छिपाई राखिएको स्थान,

(घ) कार्गोभित्र लुकाई छिपाई ल्याएकोमा सो कार्गोको एयर वे बिल नं. वा मालवस्तुको नाम र मालवस्तुधनीको नाम, मालवस्तु लुकाई छिपाई ल्याएको तरिका एवं मालवस्तु रहेको स्थान ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) स्थलमार्गबाट हुने चोरी निकासी वा चोरी पैठारीको सुराकी दिंदा देहायको विवरण-खोलिएको हुनु पर्नेछ:-

(क) मालवस्तु ढुवानी गर्ने साधन भएमा सोको किसिम र नम्बर भएकोमा त्यस्तो नम्बर,

(ख) चोरी निकासी वा चोरी पैठारी हुन लागेको मालवस्तुको नाम,

(ग) चोरी निकासी वा चोरी पैठारी हुन लागेको स्थान, मिति र समय,

(घ) चोरी निकासी वा चोरी पैठारी गर्न लागेको मालवस्तु अन्य कुनै मालवस्तुभित्र लुकाई छिपाई लैजान लागेकोमा कुन मालवस्तुभित्र कसरी लुकाई छिपाई लैजान लागेको छ भन्ने कुरा ।

(३) चोरी निकासी वा चोरी पैठारी प्रतिवेदन वा सूचना महानिर्देशक वा सम्वन्धित भन्सार कार्यालयको प्रमुखसमक्ष उपस्थित भई दिन समयको अभाव वा अन्य कारणले सम्भव नभएमा टेलिफोन वा फ्याक्स वा इ-मेल वा अन्य कुनै छिटो संचार माध्यमबाट पनि पठाउन सकिनेछ । यस्तो सूचना प्राप्त हुनासाथ भन्सार कार्यालयको प्रमुखले अबिलम्ब सुराकी सम्बन्धी रजिष्टरमा दर्ता गरी मालवस्तु पक्राउ गर्ने सम्वन्धमा कारबाही गर्नु पर्नेछ । पछि सम्वन्धित व्यक्तिबाट निजको वास्तविक पहिचान हुने प्रमाण माग गरी उपनियम (६) बमोजिम सिलबन्दी गरी सुराकी रजिष्टरको दर्ता नम्बर खामबाहिर उल्लेख गरी राख्नु पर्नेछ । यस्तो सूचना महानिर्देशकलाई प्राप्त भएकोमा आफूले अभिलेख राखी अबिलम्व आवश्यक कारबाहीको लागि सम्वन्धित भन्सार कार्यालयको प्रमुखकहाँ पठाइदिनु पर्नेछ ।

स्पष्टीकरण: यस परिच्छेदको प्रयोजनका लागि "भन्सार कार्यालयको प्रमुख" भन्नाले भन्सार कार्यालयको प्रमुख अनुपस्थित भएमा निजको निमित्त भई काम गर्ने भन्सार कार्यालयको कर्मचारीलाईसमेत जनाउँछ ।

## परिच्छेद-११

## बिलम्व शुल्क (डेमरेज) सम्बन्धी व्यवस्था

५०. बिलम्व शुल्क (डेमरेज) सम्बन्धी व्यवस्था : (१) भन्सार कार्यालयले सञ्चालन गरेको भन्सार गोदाममा मालवस्तु दाखिला भएका मितिले सात दिनसम्म बिलम्वशुल्क (डेमरेज) लाग्नेछैन ।

(२) उपनियम (१) मा तोकिएको अवधिभित्र मालवस्तु जाँचपास गराई नलगेमा आठौं दिनदेखि मालवस्तुको भन्सार मूल्यभन्दा बढी नहुने गरी अनुसूची- ९ बमोजिमको दरले बिलम्वशुल्क (डेमरेज) लाग्नेछ ।

५१. बिलम्व शुल्क (डेमरेज) मिनाहा दिने सम्बन्धी कार्यविधि: (१) नियम ५० बमोजिम लागेको बिलम्व शुल्क (डेमरेज) कुनै खास परिस्थिति वा अवस्था सिर्जना भएको कारणले मिनाहा पाउनुपर्ने भनी मालवस्तुधनीले स्पष्ट कारण खोली आफूसँग भएका आधार प्रमाणसमेत संलग्न गरी भन्सार कार्यालयको प्रमुखसमक्ष निवेदन दिन सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार कार्यालयको प्रमुखले आवश्यक जाँचबुझ गरी आंशिक वा पूर्णरुपमा मिनाहा दिनु पर्ने देखिएमा मिनाहा दिनुपर्ने स्पष्ट कारण खोली लिखित निर्णय गरी उपनियम (३) र (६) का अधीनमा रही मिनाहा दिन सक्नेछ ।

(३) यस नियमबमोजिम बिलम्ब शुल्क (डेमरेज) मिनाहा दिंदा देहायको अधिकारीले देहायबमोजिमको रकमसम्म मिनाहा गर्न सक्नेछः-

(क) राजपत्र अनङ्कित कर्मचारी कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले पच्चीसहजार रुपैयाँसम्म,

(ख) राजपत्राङ्कित तृतीय श्रेणीको कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले एकलाख रुपैयाँसम्म,

(ग) राजपत्राङ्कित प्रथम वा द्वितीय श्रेणीको कार्यालय प्रमुख हुने भन्सार कार्यालयको प्रमुखले तीनलाख रुपैयाँसम्म ।

(४) उपनियम (३) बमोजिम भन्सार कार्यालयको प्रमुखले आफैले मिनाहा दिनसक्ने हदभन्दा बढी रकम मिनाहा दिनुपर्ने अवस्था देखिएमा भन्सार कार्यालयको प्रमुखले मिनाहा दिने सम्बन्धमा आफ्नो स्पष्ट राय उल्लेख गरी उपनियम (१) बमोजिमको निवेदनसमेतका कागजात संलग्न गरी महानिर्देशकसमक्ष पठाउनु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम आफूसमक्ष प्राप्त हुन आएका कागजात उपर जाँचबुझ गर्दा मिनाहा दिनुपर्ने देखिएमा महानिर्देशकले सम्बन्धित कार्यालय प्रमुखलाई त्यस्तो रकम पूर्ण वा आंशिक रुपमा मिनाहा दिन स्वीकृति दिन सक्नेछ ।

(६) उपनियम (४) बमोजिम महानिर्देशकको स्वीकृति प्राप्त भएपछि सम्बन्धित कार्यालय प्रमुखले स्वीकृति प्राप्त भएबमोजिमको रकम मिनाहा दिन सक्नेछ ।

## परिच्छेद-१२

## सूचना तथा म्याद जारी गर्ने सम्बन्धी व्यवस्था

५२. म्याद जारी गर्ने कार्यविधिः (१) ऐन अन्तर्गतको कसूरको सिलसिलामा भन्सार अधिकृत वा निजले अधिकार प्रदान गरेको भन्सार कार्यालयको अन्य अधिकृतले सम्बन्धित व्यक्तिका नाममा ऐनको दफा ८१ को उपदफा (१) बमोजिम शुरु म्याद जारी गर्दा बाटोको म्यादबाहेक पन्ध्र दिनको अवधि तोकी अनुसूची- १० बमोजिमको ढाँचामा जारी गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्दा सम्बन्धित व्यक्ति वा निजका एकाघर परिवारका उमेर पुगेका कुनै सदस्यलाई बुझाई तामेल गर्नु पर्नेछ । सम्बन्धित व्यक्ति वा निजको एकाघर परिवारको उमेर पुगेको कुनै सदस्य फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी सम्बन्धित व्यक्तिको घर वा डेराको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (१) बमोजिम जारी भएको म्याद तामेल गर्न जाने कर्मचारीले सम्बन्धित व्यक्तिको घर डेरा पत्ता नलागेमा सोही व्यहोरा जनाई सम्बन्धित स्थानीय निकायको कुनै सदस्य वा प्रतिनिधि वा कुनै दुईजना स्थानीय व्यक्तिलाई रोहवरमा राखी त्यस्तो म्याद गाउँ विकास समितिको हकमा सम्बन्धित गाउँ विकास समितिको कार्यालय्मा र नगरपालिकाको हकमा सम्बन्धित व्यक्तिको घर वा डेरा भएको वडाको वडा कार्यालयमा र त्यस्तो वडा कार्यालय नभएको अवस्थामा सार्वजनिक स्थानमा टाँस गर्नु पर्नेछ र सोबमोजिम म्याद टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(४) कुनै फर्म, कम्पनी वा संगठित संस्थाको नाममा जारी भएको म्याद तामेल गर्दा त्यतो फर्म, कम्पनी वा संगठित संस्थाको सञ्चालक वा व्यवस्थापक वा त्यस्तो संस्थाको प्रमुख व्यक्ति वा त्यस्तो संगठित संस्थाको अधिकारप्राप्त अधिकारीलाई म्याद बुझाइदिनु पर्नेछ । त्यस्तोव्यक्ति फेला नपरेमा वा फेला परे पनि म्याद बुझिलिन इन्कार गरेमा सोही व्यहोरा जनाई स्थानीय दुईजना व्यक्तिलाई रोहवरमा राखी त्यस्तो संगठित संस्थाको कार्यालयको ढोकामा म्याद टाँस गरिदिनु पर्नेछ र यसरी टाँस भएपछि त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको नाममा जारी भएको म्याद तामेल गर्दा त्यस्तो व्यक्तिको ठेगानामा हुलाकमार्फत रजिष्ट्रि गरी पठाएमा वा त्यस्तो व्यक्तिको टेलीफ्याक्समा वा विद्युतीय ठेगानामा पठाएमा त्यस्तो म्याद रीतपूर्वक तामेल भएको मानिनेछ ।

(६) उपनियम (२), (३) वा (४) बमोजिम म्याद तामेल गर्न जाने कर्मचारीले बाटोको म्यादबाहेक तीन दिनभित्र म्याद तामेल गर्नु पर्नेछ ।

(७) उपनियम (२), (३), (४) वा (५) बमोजिम म्याद तामेल हुन नसकेको प्रतिवेदन पर्न आएमा सो म्याद रेडियो, टेलीभिजन, विभाग वा सम्बन्धित भन्सार कार्यालयको वेवसाइट जस्ता विद्युतीय सञ्चार माध्यममा पशारण वा प्रकाशन वा राष्ट्रियस्तरको कुनै दैनिक पत्रपत्रिकामा प्रकाशन गरेर म्याद तामेल गर्न सकिनेछ । त्यसरी सूचना प्रशारण वा प्रकाशन भएको अवस्थामा त्यस्तो सूचना प्रकाशन भएका मितिले पाँचौं दिनपछि सम्बन्धित व्यक्तिको नाममा यस नियमावलीबमोजिम रीतपूर्वक म्याद तामेल भएको मानिनेछ ।

(८) उपनियम (७) बमोजिम म्याद तामेल गर्दा लागेको खर्च भन्सार कार्यालयले सम्बन्धित व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरि लिनेछ ।।

५३. <u>सूचना जारी गर्ने कार्यविधि</u>: ऐनको दफा ८२ बमोजिम भन्सार कार्यालयको काम कारबाहीसँग सरोकार भएको वा हुनसक्ने व्यक्तिका नाममा सूचना जारी गर्दा बाटाको म्यादबाहेक सात दिनको म्याद दिई नियम ५२ को उपनियम (२), (३), (४), (५), (६) र (७) बमोजिम जारी गर्नु पर्नेछ ।

तर यस नियमबमोजिम जारी भएको सूचनाको सम्बन्धमा नियम ५२ को उपनियम (८) लागू हुने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद-१३

विविध

५४. मूल्याङ्कन समितिको व्यवस्था : (१) भन्सार कार्यालयमा दाखिला भएका सवारी तथा ढुवानीका साधन, यस नियमावलीबमोजिम लिलाम बिक्री गर्नुपर्ने मालवस्तु तथा ऐनको दफा ७१ को उपदफा (३) बमोजिमको मालवस्तुको मूल्याङ्कन गर्ने प्रयोजनका निमित्त देहायबमोजिमको एक मूल्याङ्कन समिति रहनेछ, -

(क) भन्सार कार्यालयको प्रमुख वा निजको अनुपस्थितिमा निजको कार्य गर्ने गरी तोकिएको व्यक्ति -संयोजक

(ख) सम्बन्धित जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित उद्योग वाणिज्य संघको प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रतिनिधि -सदस्य

(ङ) सवारी र ढुवानी साधनको हकमा मेकानिकल प्राविधिक -सदस्य

(२) उपनियम (१) बमोजिमको समितिले मालवस्तुको मूल्य कायम गर्दा मालवस्तुको भौतिक अवस्था, स्थानीय माग, उपयोगिता, प्रयोग गर्न सकिने अवधि, ह्रासकट्टी, अवशेष मूल्य र बजार मूल्यसमेत विचार गर्नुपर्नेछ । ऐनको दफा १३ क. उपदफा (१५) को खण्ड (ख) बमोजिम खरिद गरिएको मालवस्तुको मूल्य कायम गर्दा सो मालवस्तु खरिद गर्दा भुक्तानी गरिएको मूल्य, सो मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल र सो मालवस्तुको बजार मूल्यसमेत बिचार गरी मूल्य कायम गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको मूल्याङ्कन समितिले आवश्यक ठानेमा अन्य व्यक्तिलाईसमेत समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपनियम (१) बमोजिमको समितिको बैठकमा संयोजक र अन्य दुई जना सदस्यको उपस्थिति भएमा गणपूरक संख्या पुगेको मानिने छ र बहुमतको निर्णय मान्य हुनेछ ।

(५) यस नियमबमोजिम समितिको बैठकमा सहभागी हुने व्यक्तिलाई अर्थ मन्त्रालयले तोकेबमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ ।

५५. धरौटी रकम फिर्ता दिने प्रक्रिया: (१) ऐन तथा यस नियमावलीबमोजिम कुनै व्यक्तिले भन्सार कार्यालयमा राखेको धरौटी फिर्ता लिनका लागि त्यस्तो धरौटीको प्रयोजन समाप्त भएको एक वर्षभित्र धरौटी फिर्ता पाउनुपर्ने कारण र फिर्ता पाउनुपर्ने रकमसमेत उल्लेख गरी भन्सार अधिकृतसमक्ष निवेदन दिनु पर्नेछ । यस्तो निवेदनका साथमा भन्सार कार्यालयमा धरौटी राखेको निस्सा र धरौटी फिर्ता हुनुपर्ने कुनै आधार प्रमाण भए सोसमेत संलग्न गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले सात दिनभित्र निवेदकको मागबमोजिम धरौटी रकम फिर्ता दिनुपर्ने हो होइन भन्ने निर्णय गरी धरौटी फिर्ता दिनुपर्ने देखिएमा निर्णय भएका मितिले तीन दिनभित्र फिर्ता दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यदि धरौटी रकम फिर्ता दिनुपर्ने नभएमा निवेदकलाई कारणसहितको लिखित जानकारी दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको म्यादभित्र फिर्ताको लागि निवेदन नपरेका धरौटी रकमको फेहरिस्त तयार गरी भन्सार अधिकृतले निर्णय गरेर पछि प्रमाण पुऱ्याई फिर्ता माग्न आएमा फिर्ता दिने गरी प्रत्येक आर्थिक वर्षको अन्त्यमा त्यस्तो धरौटी रकम राजस्व खातामा जम्मा गर्नु पर्नेछ ।

५६. मालवस्तुको क्षतिपूर्ति : (१) ऐनको दफा ६९ बमोजिमको क्षतिपूर्ति माग गर्ने मालवस्तुधनीले त्यस्तो क्षतिपूर्ति प्राप्त गर्नका लागि भन्सार कार्यालय वा गोदाम सञ्चालन गर्ने व्यक्तिसमक्ष आफूले क्षतिपूर्ति पाउनुपर्ने स्पष्ट कारण खुलाई आधार प्रमाणसमेत संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि त्यस्तो निवेदन उपर आवश्यक जाँचबुझ गरी क्षतिपूर्ति दिनुपर्ने देखिएमा लिखित निर्णय गरी जुन मालवस्तुका सम्बन्धमा क्षतिपूर्ति माग गरिएको हो सो मालवस्तुको बीजकमा उल्लिखित मूल्यमा पाँच प्रतिशत थप गरी हुन आउने रकम क्षतिपूर्ति स्वरुप मालवस्तु धनीलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) पैठारी गर्ने उद्देश्यले अन्य व्यक्तिबाट सञ्चालित भन्सार गोदाममा राखिएका मालवस्तुका सम्बन्धमा उपनियम (२) बमोजिम गोदाम सञ्चालन गर्ने व्यक्तिले क्षतिपूर्ति उपलब्ध गराएको अवस्थामा त्यस्तो मालवस्तु पैठारी गर्दा लाग्ने भन्सार महसुल बराबरको रकम गोदाम सञ्चालकले उपनियम (२) बमोजिम क्षतिपूर्ति उपलब्ध गराएका मितिले सात दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

५७. जरिवाना वा छुट रकम असुल गर्ने सम्बन्धी कार्यविधि: (१) भन्सार कार्यालयमा निकासीकर्ता वा पैठारीकर्ताले तिर्नु बुझाउनु पर्ने महसुल गणितीय भूलबाट वा वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षक फरक परेर वा अन्य कुनै कारणले छुट भएको पछि देखिएमा वा निजले बुझाउनुपर्ने कुनै जरिवानाको रकम बुझाउन बांकी भएमा भन्सार अधिकृतले त्यस्तो जानकारी पाएपछि जरिवाना वा छुट भएको महसुल दाखिला गर्न सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता वा निजको भन्सार एजेन्टलाई अबिलम्ब लिखित सूचना दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचना प्राप्त गर्ने व्यक्तिले यस्तो सूचना पाएको पन्ध्र दिनभित्र त्यस्तो रकम भन्सार कार्यालयमा बुझाउनु पर्नेछ । त्यस्तो रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको भए सोही व्यहोराको जानकारी र सोको वस्तुगत आधार प्रमाणसमेत सूचना पाएको पन्ध्र दिनभित्र भन्सार अधिकृतसमक्ष पेश गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम रकम तिर्न बुझाउन नपर्ने वा पहिले नै बुझाइसकेको जानकारी प्रमाणसहित प्राप्त भएमा भन्सार अधिकृतले जँचबुझ गरी व्यहोरा सत्य भएमा त्यस्तो रकम तिर्न नपर्ने जानकारी निवेदकलाई गराउने छ र निवेदकको व्यहोरा र प्राप्त प्रमाण मनासिव नभएमा उक्त रकम दाखिला गर्न पुन: सात दिनको म्याद दिई सूचना गर्नुपर्नेछ । यस्तो सूचना पाएपछि सम्बन्धित व्यक्तिले म्यादभित्र त्यस्तो रकम दाखिला गर्नुपर्नेछ । यसरी छुट भएको महसुल म्यादभित्र नबुझाउने व्यक्तिको जुनसुकै भन्सार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कार्यालयबाट हुने कारोवार रोक्का गर्न वा जुनसुकै सरकारी कार्यालयमा रहेको निजको सम्पत्तिबाट असुलउपर गर्न सकिनेछ ।

(४) जरिवाना वा छुट महसुल बुझाउन यस नियमबमोजिम सम्बन्धित भन्सार एजेन्टलाई सूचना गरेकोमा तोकिएको म्यादभित्र त्यस्तो महसुल रकम दाखिला नगरेमा दाखिला नभएसम्मको अवधिमा त्यस्तो भन्सार एजेन्टले भन्सार कार्यालयबाट हुने कुनै पनि कार्य गर्न नपाउने गरी भन्सार अधिकृतले निजको इजाजतपत्र वा नियुक्तिपत्र निलम्बन गरी विभाग वा अन्य भन्सार कार्यालयलाई जानकारी दिन सक्नेछ । भन्सार एजेन्टले इजाजतपत्र लिंदाका वखत राखेको धरौटी वा बैङ्क जमानतबाटसमेत त्यस्तो रकम कट्टा गरी असुल गर्न सकिने छ । यसरी कट्टा गरिएकोमा नपुग धरौटी रकम नबुझाएसम्म निजले भन्सार एजेन्टको हैसियतबाट कुनै पनि कार्य गर्न पाउने छैन ।

(५) उपनियम (३) वा (४) बमोजिम जरिवाना वा छुट महसुल असुल हुन नसकेमा त्यस्तो बांकी रकम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(६) कुनै निकासीकर्ता वा पैठारीकर्ताबाट छुट महसुल असुल गर्न बाँकी रहेकोमा यस नियमबमोजिम म्यादभित्र दाखिल नगरेको तथ्य जानकारी हुँदाहुँदै भन्सार कार्यालयको प्रमुखको आदेशबिना निजको मालवस्तु जाँचपास गर्ने भन्सार कर्मचारीलाई प्रचलित कानूनबमोजिम विभागीय सजाय हुनेछ ।

५८. <u>बढी असुली भएको भन्सार महसुल वा जरिवाना फिर्ता दिइने:</u> (१) कुनै निकासीकर्ता वा पैठारीकर्ताले मालवस्तु निकासी वा पैठारी गर्दा प्रचलित कानूनबमोजिम तिर्नु बुझाउनु पर्नेभन्दा बढी भन्सार महसुल वा जरिवाना असुल भएको रहेछ भने त्यसरी बढी असुल भएको रकम फिर्ता पाउन सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी फिर्ता दिनुपर्ने ठहऱ्याए जति रकम फिर्ता दिनुपर्ने स्पष्ट कारण खोली लिखित निर्णय गरी त्यसरी बढी असुल भएको रकम सम्बन्धित व्यक्तिलाई निवेदन प्राप्त भएका मितिले पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम रकम फिर्ता दिएकोमा फिर्ता दिनुको कारणसहित सोको जानकारी तुरुन्त महानिर्देशकलाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा निवेदकको मागबमोजिमको रकम निजलाई फिर्ता दिनुपर्ने नदेखिएमा निवेदकलाई निवेदन प्राप्त भएको पन्ध्र दिनभित्र सोको लिखित जानकारी दिनु पर्नेछ ।

५९. <u>सरोकारवाला व्यक्तिलाई कागजातको प्रतिलिपि दिने सम्बन्धी कार्यविधि:</u> (१) भन्सार कार्यालयमा भएका कुनै कागजातको सरोकारवाला व्यक्तिले भन्सार अधिकृतसमक्ष निवेदन दिई प्रतिलिपि माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिंदा आफूले माग गरेको कागजातको स्पष्ट पहिचान हुने विवरण र सो कागजात कुन प्रयोजनका लागि आवश्यक परेको हो र आफू कसरी सरोकारवाला व्यक्ति हो भन्ने आधारसमेत निवेदकले खुलाउनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम निवेदन प्राप्त हुन आएपछि भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी निवेदनको व्यहोरा मनासिव देखेमा निवेदन आफूसमक्ष प्राप्त



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भएको तीन दिनभित्र त्यस्तो कागजातको प्रतिलिपि तयार गर्न लगाई उपनियम (४) बमोजिम दस्तुर लिई निवेदकलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम कागजातको प्रतिलिपि दिंदा एक पृष्ठको पाँच रुपैया दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बाँध्न वा सो रकम बरावरको हुलाक टिकट टांस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम दस्तुर लिंदा नगद असुल गरी आम्दानी बाँधेको वा टिकट रद्द गरेको व्यहोरा निवेदकलाई उपलब्ध गराउने कागजातमा उल्लेख गर्नु पर्नेछ ।

६०. <u>पैठारी भएको मालवस्तुको प्रमाणपत्र दिने सम्बन्धी कार्यविधि:</u> (१) विदेशमा बिक्री कर वा अन्य कुनै कर लाग्ने मालवस्तु पैठारी गर्ने व्यक्तिले त्यसरी पैठारी गरेको प्रमाणपत्र लिनको लागि सम्बन्धित भन्सार कार्यालयमा पैठारी गरेको प्रमाणसमेत संलग्न गरी दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त प्राप्त भएमा भन्सार अधिकृतले आवश्यक जाँचबुझ गरी त्यस्तो मालवस्तु पैठारी भएको पाइएमा अनुसूची- ११ बमोजिमको ढांचामा निवेदकलाई प्रमाणपत्र दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको प्रमाणपत्र दिंदा प्रति प्रमाणपत्रको पाँच रुपैया दस्तुर लाग्नेछ । यस्तो रकम भन्सार अधिकृतले सम्बन्धित व्यक्तिबाट असुल गरी राजस्व खातामा आम्दानी बांध्न वा सो रकम बरावरको हुलाक टिकट टांस्न लगाई सोमा भन्सार कार्यालयको छाप लगाइदिन सक्नेछ ।

(४) यस नियमबमोजिम प्रमाणपत्र माग गर्ने व्यक्तिले जुन मालवस्तुका लागि प्रमाणपत्र माग गरेको हो सो मालवस्तु पैठारी भएका मितिले पन्ध्र दिनभित्र दरखास्त नदिएमा त्यस्तो प्रमाणपत्र दिइने छैन । एउटै बीजकबाट पैठारी हुने मालवस्तु एकै पटक पैठारी नभई पटक पटक गरी पैठारी भएकोमा अन्तिम पटक पैठारी भएको मितिलाई नै पैठारी भएको मिति मानिनेछ ।

६१. <u>मालवस्तुको शीर्षक वा उपशीर्षक तोक्ने अधिकार:</u> (१) ऐनको दफा ८९ को उपदफा (२) बमोजिम मालवस्तुको वस्तु वर्गीकरण शीर्षक वा उपशीर्षक तोक्ने र महानिर्देशकलाई वस्तु वर्गीकरणसमबन्धमा सल्लाह दिने प्रयोजनका लागि विभागमा देहायबमोजिमको एक समिति रहनेछ:-

(क) विभागको उपमहानिर्देशक वा महानिर्देशकले तोकेको विभागको निर्देशक - संयोजक

(ख) महानिर्देशकले तोकेको विशेषज्ञ - सदस्य

(ग) संयोजकले तोकेको वस्तु वर्गीकरणसम्बन्धी कार्य गर्ने विभागको शाखा अधिकृत -सदस्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (१) बमोजिमको समितिको बैठक संयोजकले तोकेको मिति र समयमा बस्नेछ ।

(३) संयोजकसमेत सबै सदस्यको उपस्थितिमा मात्र समितिको बैठक बस्नेछ ।

(४) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ ।

(५) समितिले गरेको निर्णयको जानकारी निर्णय भएका मितिले तीन दिनभित्र सदस्य सचिवले निवेदकलाई दिनु पर्नेछ ।

६२. छोटी भन्सार कार्यालयबाट निकासी वा पैठारी गर्न सकिने : (१) छोटी भन्सार कार्यालयबाट देहायबमोजिमका मालवस्तु निकासी वा पैठारी गर्न सकिने छः-

(क) पैठारीतर्फ अनुसूची -१२ मा उल्लिखित छोटी भन्सार कार्यालयबाहेक अन्य छोटी भन्सार कार्यालयको हकमा पाँचहजार रुपैयाँसम्म मूल्यका मालवस्तु,

तर महानिर्देशकको स्वीकृति लिई पैठारी गर्नेबाहेक कुनै पनि प्रकारका यन्त्रचालित सवारी साधनको स्थायी वा अस्थायी रुपमा पैठारी गर्न पाइने छैन ।

(ख) निकासीतर्फ अप्रशोधित कृषि उत्पादन तथा नेपालका स्थानीय प्राकृतिक उत्पादन ।

(२) यस नियमबमोजिम मालवस्तु निकासी वा पैठारी गर्दा सीमावर्ती विदेशी मुलुकबाहेक अन्य विदेशी मुलुकमा निकासी गर्न वा सीमावर्ती विदेशी मुलुकबाहेक अन्य विदेशी मुलुकबाट पैठारी गर्न सकिने छैन ।

(३) छोटी भन्सार कार्यालयबाट हुने निकासी वा पैठारीलाई व्यवस्थित गर्न महानिर्देशकले कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

६३. निजी क्षेत्रले भन्सार गोदाम सञ्चालन गर्नसक्ने : (१) नेपाल सरकारको स्वीकृति लिई कुनै व्यक्तिले निकासी वा पैठारी गरिने मालवस्तु राख्नको लागि भन्सार कार्यालयमा भन्सार गोदाम बनाई सञ्चालन गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम गोदाम सञ्चालन गर्ने व्यक्तिले त्यस्तो गोदाममा मालवस्तु राख्ने मालवस्तुधनीबाट नेपाल सरकारको पूर्वस्वीकृति लिई निर्धारण गरिएबमोजिम भाडा असुल गर्न सक्नेछन् ।

६४. निजी क्षेत्रले सञ्चालन गरेको भन्सार गोदाम संचालकको दायित्वः भन्सार कार्यालयबाहेक अन्य व्यक्तिले सञ्चालन गरेको भन्सार गोदामको संचालकको दायित्व देहायबमोजिम हुनेछ :-

(क) गोदाममा रहेको मालवस्तुको सुरक्षाको व्यवस्था गर्ने,

(ख) गोदाममा रहेको मालवस्तुको विवरण खुलाई अद्यावधिक अभिलेख राख्ने,

(ग) भन्सार कार्यालयले भन्सार गोदाममा नराख्न भनी आदेश दिएका मालवस्तु नराख्ने,

(घ) भन्सार कार्यालयको पूर्व स्वीकृतिबिना गोदामबाट मालवस्तु नझिक्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) भन्सार जाँचपासका लागि एकपटक गोदामबाट झिकिसकेका मालवस्तु भन्सार अधिकृतको स्वीकृति नलिई पुनः गोदाममा नराख्ने,

(च) भन्सार कार्यालयको आदेशबिना गोदाममा रहेको वा रहन आउने मालवस्तु नखोल्ने वा खोल्न नपाउने व्यवस्था गर्ने,

(छ) गोदाममा रहेका मालवस्तु हराए वा नासिए वा कुनै प्रकारले नोक्सानी भएमा भन्सार कार्यालयलाई जानकारी दिने,

(ज) गोदाममा नब्बे दिनभन्दा बढी अवधि मालवस्तु रहेकोमा त्यस्तो अवधि समाप्त हुनासाथै सोको जानकारी भन्सार कार्यालयलाई दिने,

(झ) भन्सार अधिकृतले चाहेको जुनसुकैवखत गोदामको निरीक्षण गर्न दिने र निजले मागेको जानकारी तथा विवरण तत्कालै उपलब्ध गराउने,

(ञ) गोदाममा रहेका मालवस्तुको विवरण दैनिक रुपमा भन्सार कार्यालयलाई उपलब्ध गराउने,

(ट) गोदाममा मालवस्तु राख्दा मालवस्तुधनीको स्पष्ट नाम, ठेगाना र भएमा टेलीफोन नम्बर र इमेल ठेगानासमेतको अभिलेख राख्ने ।

६५. <u>हुलाकमार्फत पैठारी भएको मालवस्तु भन्सार कार्यालयमा दाखिला गर्नुपर्ने:</u> (१) हुलाकमार्फत कसैको नाममा पुलिन्दाबाट कुनै मालवस्तु आएमा सम्बन्धित हुलाक कार्यालयले पुलिन्दा पाउने व्यक्तिलाई सो कुराको सूचना दिई सो पुलिन्दा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृतसमक्ष पठाउनु पर्नेछ ।

(२) कसैले नेपालको हुलाकबाट विदेशमा पुलिन्दाद्वारा मालवस्तु निकासी गर्न चाहेमा नजिकको स्थानीय भन्सार कार्यालयको भन्सार अधिकृतबाट जाँचपास गराएको प्रज्ञापनपत्रसाथ ल्याएमा मात्र हुलाकले त्यस्ता पुलिन्दा वुझी चलान गर्नुपर्नेछ ।

६६. <u>भन्सार कार्यालय खोल्ने र बन्द गर्ने:</u> (१) भन्सार कार्यालयको प्रमुखले भन्सार कार्यालय खोल्ने र वन्द गर्ने समय तोकी सर्वसाधारणका जानकारीका लागि भन्सार कार्यालयको सूचना पाटीमा सूचना टाँसी दिनु पर्नेछ ।

(२) सेवाग्राहीको सुविधा वा कार्यालयको कार्यबोझका आधारमा कार्यालयको नियमित समयभन्दा अघि वा पछि वा सार्वजनिक विदाका दिनमा वा कार्यालय बन्द रहेको समयमासमेत कामकाज गर्ने गरी भन्सार कार्यालयको प्रमुखले आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

६७. <u>अनुसूचीमा थपघट तथा हेरफेर:</u> अर्थ मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ ।

६८. <u>खारेजी र बचाउ:</u> (१) भन्सार नियमावली, २०२६ खारेज गरिएको छ ।

(२) भन्सार नियमावली, २०२६ बमोजिम भए गरेका कामहरु यसै नियमावलीबमोजिम भए गरेका मानिने छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(नियम ३ को उपनियम (२) सँग सम्बन्धित)

कूटनीतिक सुविधा वा महसुल सुविधा दिन परराष्ट्र मन्त्रालयले सिफारिस गर्ने फारामको ढाँचा

नेपाल सरकार

परराष्ट्र मन्त्रालय

श्री भन्सार विभाग

निम्नबमोजिमको पैठारीकर्ताले पैठारी गर्ने निम्न विवरणबमोजिमको मालवस्तुमा कूटनीतिक सुविधा/महसुल सुविधा प्रदान गरिदिनहुन मिति ...................... को निर्णयानुसार अनुरोध छ ।

| पैठारीकर्ताको नाम | मालवस्तुको नाम | परिमाण | मालवस्तु चलान गर्ने मुलुक | अनुमानित मूल्य | भन्सार कार्यालय |
|---|---|---|---|---|---|
| | | | | | |

दर्ता नं

मिति:

मन्त्रालयको छाप

सिफारिस गर्ने अधिकृतको

दस्तखत

नाम:

पद

मिति

भन्सार विभागको प्रयोजनका लागि

श्री ..........भन्सार कार्यालय

श्री परराष्ट्र मन्त्रालयबाट सिफारिस भई आएबमोजिमको उपरोक्त मालवस्तुमा कूटनीतिक सुविधा/महसुल सुविधा दिनहुन अनुरोध छ ।

दर्ता नं

मिति

भन्सार विभागको छाप

दस्तखत

नाम:

मिति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची-२

(नियम २० सँग सम्बन्धित)

सवारी साधनको चालकले भन्सार कार्यालयमा दिनुपर्ने विवरणको ढाँचा

श्री .......... भन्सार कार्यालय,
..........Customs Office,
................., नेपाल ।
.........., NEPAL

चालकको नाम:
Driver's Name:
सवारी दर्ता नम्बर:
Registration No. of Vechicle:
सवारी साधनको किसिम:
Type of Vehicle
कन्टेनर नम्बर:
Container No.:
प्रवेश मिति:
Date of Entry

| सि.नं. S.No. | मालवस्तुको नाम Description of goods | परिमाण वा अदत Quantity or no. of package | लोड गरेको स्थान Place of loading |
|---|---|---|---|
| | | | |

चालकको दस्तखत
Driver's signature



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग सिंहदरबार

अनुसूची-३
(नियम २२ सँग सम्बन्धित)
प्रज्ञापनपत्रको ढाँचा

**नेपाल सरकार**
**अर्थ मन्त्रालय, भन्सार विभाग**
**प्रज्ञापनपत्र (पाना १)**

| | |
|---|---|
| २ निकासीकर्ता : नम्बर : | १ प्रज्ञापनपत्रको प्रकार: पैठारी / निकासी<br>३ पाना संख्या / ४ सि.टि.डि.नं |
| | भन्सार कार्यालय :-<br>कोड नं :-<br>नाम :<br>मेनिफेष्ट नं :-<br>प्रज्ञापन दर्ता नम्बर ... ... ....... मिति |
| | ५ मालवर को संख्या / ६ मालवस्तुको अदत / ७ प्रज्ञापन संकेत |
| ८ पैठारीकर्ता : नम्बर :<br>स्थायी लेखा नं. र मिति :<br>मू.अ.क.दर्ता छ ☐ छैन ☐<br>मू.अ.क.दर्ता भएको भए दर्ता मिति: | ९ एयर वे बिल नं/बिल अफ लोडिङ नं. र मिति :-<br>डी.आर.पी. रेड सर्कल नं. र मिति:-<br>ईन्भ्वाइस नं./डी.आर.पी. नं. र मिति :- |
| | १० चलान गर्ने देश / ११ बिक्री गर्ने देश / १२ मूल्य विवरण / १३ गोदाममा मालवस्तु रहेको दिन |
| १४ भन्सार एजेन्ट/प्रतिनिधिको नम्बर : | १५ निर्यात गर्ने देश / १५ निर्यात गर्ने देश (क / ख) / १७ मालवस्तु पुग्ने देशको संकेत (क / ख)<br>१६ मालवस्तु बनेको देश / १७ मालवस्तु पुग्ने देशको नाम |
| १८ ढुवानी/सवारी साधन नम्बर : / १९ कन्टेनर / २१ | २० आपूर्तिको शर्त |
| | २२ मुद्रा र कूल बीजक मूल्य / २३ विनिमय दर / २४ कारोबारको प्रकृति |
| २५ भन्सार बिन्दुमा ढुवानी साधनको प्रकार / २६ / २७ मालवस्तु पुग्ने ठाउँ | २८ बैंकिङ डाटा कोड<br>भुक्तानीको शर्त : |
| २९ / ३० | बैंकको नाम :<br>शाखा :<br>फाइल नं. : |

| | | |
|---|---|---|
| ३१ माल वस्तुको अदत प्रकार र नाम | अदत<br>प्रकार | ३२ आइटम नं. / ३३ वस्तु वर्गीकरण उपशीर्षक : |
| | | ३४ मालवस्तु बनेको देश (क / ख) / ३५ कूल तौल / ३६ सौबिध्यता |
| | मालवस्तुको नाम : | ३७ भन्सार प्रक्रिया / ३८ खुद तौल / ३९ भारतीय अन्तःशुल्क दर<br>४० भारतीय अन्तःशुल्क रकम<br>४१ मालवस्तुको परिमाण / ४२ मालवस्तुको मूल्य / ४३ मूल्यांकन पद्धति कोड |
| ४४ अन्य सूचना कागजात प्रमाण | ईजाजत पत्र नं. : पटके मूल्य : पटके परिमाण :<br>सम्बद्ध कागजात वा नम्बर :<br>चलानी नम्बर र मिति :<br>प्रतीतपत्र नम्बर र मिति : मुद्रा र रकम | अतिरिक्त सूचना कोड / ४५ समायोजन<br>४६ भन्सार महसुलको लागि कायम मू... रु. : |

| ४७ महसुल को हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/आधार | दर | रकम | भुक्तानी | ४८ अग्रिम भुक्तानीको संकेत नं. / ४९ गोदाम नम्बर |
|---|---|---|---|---|---|---|
| | | | | | | लेखा विवरण<br>भुक्तानीको प्रकार<br>महसुल निर्धारण नं. मिति :<br>रसीद नम्बर मिति :<br>ग्यारेन्टी मिति :<br>प्र.प. पत्र शुल्क<br>कूल महसुल<br>अक्षरेपि : |
| | यस पानाको जम्मा | | | | | |

५० (क) मालधनीले घोषणा गर्दा खुलाउनु पर्ने केही भए :

५० ख) यस घोषणा र संलग्न कागजातमा उल्लिखित विवरण ठीक साँचो हो । सो विवरण झुट्टा वा फरक पारी लेखिएको ठहरिएमा मैले सजायँको भागी बन्नु पर्दछ भन्ने कुरा मलाई थाहा छ भनी सही गर्ने मालधनी वा वारेसको :-

दस्तखत :- मिति:
नाम :- ठेगाना :-

ग) (कार्यालय प्रयोजनको लागि) भौतिक निरीक्षणको परिणाम : | कैफियत

प्रविष्टकर्ताको दस्तखत र मिति :
नाम :

जाँचकीको दस्तखत र मिति :
नाम :

भन्सार अधिकृतको दस्तखत र मिति :
नाम :

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३
(नियम २२ सँग सम्बन्धित)
प्रज्ञापनपत्रको ढाँचा

# नेपाल सरकार
## अर्थ मन्त्रालय, भन्सार विभाग
### प्रज्ञापनपत्र (पाना २)

| | | | | |
|---|---|---|---|---|
| ८ पैठारीकर्ता/निकासीकर्ता नम्बर | १ प्रज्ञापनपत्रको प्रकार | | भन्सार कार्यालय :- | |
| | पैठारी | निकासी | कोड नं. :- | |
| | | | नाम : | |
| | ३ पाना संख्या | ४ सि.टि.डि.नं. | मेनिफेष्ट नं. - | |
| | | | प्रज्ञापन दर्ता नम्बर ... ... ........ मिति : | |
| | ५ मालवस्तुको संख्या | ६ मालवस्तुको अदत | | ७ प्रज्ञापन संकेत |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ माल वस्तुको अदत प्रकार र नाम | अदत<br>प्रकार | ३२ आइटम नं. | ३३ वस्तु वर्गीकरण उपशीर्षक : | | |
| | | | ३४ मालवस्तु बनेको देश<br>क ख | ३५ कुल तौल | ३६ सौविध्यता |
| | मालवस्तुको नाम | | ३७ भन्सार प्रक्रिया | ३८ खुद तौल | ३९ भारतीय अन्तःशुल्क दर |
| | | | ४० भारतीय अन्तःशुल्क रकम | | |
| ४४ अन्य सूचना कागजात प्रमाण | इजाजत पत्र नं. पटके मूल्य पटके परिमाण | | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३मूल्यांकन पद्धति कोड |
| | सम्बद्ध कागजात वा नम्बर | | | | |
| | चलानी नम्बर र मिति | | | अतिरिक्त सूचना कोड | ४५समायोजन |
| | प्रतीतपत्र नम्बर र मिति मुद्रा र रकम | | | | |
| | | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ माल वस्तुको अदत प्रकार र नाम | अदत<br>प्रकार | ३२ आइटम नं. | ३३ वस्तु वर्गीकरण उपशीर्षक | | |
| | | | ३४ मालवस्तु बनेको देश<br>क ख | ३५ कुल तौल | ३६ सौविध्यता |
| | मालवस्तुको नाम : | | ३७ भन्सार प्रक्रिया | ३८ खुद तौल | ३९ भारतीय अन्तःशुल्क दर |
| | | | ४० भारतीय अन्तःशुल्क रकम | | |
| ४४ अन्य सूचना कागजात प्रमाण | इजाजत पत्र नं. पटके मूल्य : पटके परिमाण | | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३मूल्यांकन पद्धति कोड |
| | सम्बद्ध कागजात वा नम्बर | | | | |
| | चलानी नम्बर र मिति : | | | अतिरिक्त सूचना कोड | ४५समायोजन |
| | प्रतीतपत्र नम्बर र मिति मुद्रा र रकम | | | | |
| | | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. : | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ माल वस्तुको अदत प्रकार र नाम | अदत<br>प्रकार | ३२ आइटम नं. | ३३ वस्तु वर्गीकरण उपशीर्षक : | | |
| | | | ३४ मालवस्तु बनेको देश<br>क ख | ३५ कुल तौल | ३६ सौविध्यता |
| | मालवस्तुको नाम : | | ३७ भन्सार प्रक्रिया | ३८ खुद तौल | ३९ भारतीय अन्तःशुल्क दर : |
| | | | ४० भारतीय अन्तःशुल्क रकम : | | |
| ४४ अन्य सूचना कागजात प्रमाण | इजाजत पत्र नं. : पटके मूल्य : पटके परिमाण | | ४१ मालवस्तुको परिमाण | ४२ मालवस्तुको मूल्य | ४३मूल्यांकन पद्धति कोड |
| | सम्बद्ध कागजात वा नम्बर | | | | |
| | चलानी नम्बर र मिति : | | | अतिरिक्त सूचना कोड | ४५समायोजन |
| | प्रतीतपत्र नम्बर र मिति : मुद्रा र रकम : | | | | |
| | | | ४६ भन्सार महसुलको लागि कायम मूल्य रु. | | |

| ४७ महसुल को हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/आधार | दर | रकम | भुक्तानी | ४७ महसुल को हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/आधार | दर | रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | यस पानाको पहिलो आइटमको जम्मा | | | | | | यस पानाको दोस्रो आइटमको जम्मा : | | | | |

| ४७ महसुल हिसाब | करको प्रकार | महसुल लाग्ने मूल्य/आधार | दर | रकम | भुक्तानी | करको प्रकार | यस प्रज्ञापनपत्रको जम्मा रकम | भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | यस [illegible]पानाको तेस्रो आइटमको जम्मा | | | | | कुल जम्मा | | |

मालधनी वा वारेसको दस्तखत

प्रवि[illegible]को दस्तखत र मिति :
नाम :

जाँचकीको दस्तखत र मिति
नाम :

भन्सार अधिकृतको दस्तखत र मिति :
नाम :

मुद्रण विभाग

अनुसूची-३
(नियम २२ सँग सम्बन्धित)
प्रज्ञापनपत्रको ढाँचा

## Government Of Nepal
## Ministry Of Finance, Department Of Customs
## Customs Declaration Form (page 1)

1 Declaration: Import / Export
Office of declaration: Office code, Name, Manifest No, Regd No.

2 Exporter — Number
3 Page No — 4 CTD No
5 Items — 6 Total package — 7 Declaration No
8 Importer — Number
Permanent Account No
VAT Regd Yes [ ] No [ ]
VAT Regd date (if registered)
9 Airway bill/Bl No and date
DRP Red circle no
Invoice no/DRP no and date
10 country of export — 11 Trading country — 12 Value details — 13 warehouse days
14 Declarant/Agent/Representative no
15 country of export — 15 country of export code (A | B) — 17 country of destination code (A | B)
16 Country of origin — 17 Country of destination
18 Flight or vehicle no — 19 Container — 21
20 Delivery terms
22 Cur. and total invoice amount — 23 Exchange rate — 24 Nature of transaction
25 Mode of transport at border — 26 — 27 Place of discharge
28 Banking data code
Terms of payment
29 — 30
Bank name
Branch
File no

31 Packages and description of goods:
No of packages
Kinds
Description of goods
32 Item no — 33 HS Code
34 CO code (A | B) — 35 Gross weight — 36 Preference
37 Procedure — 38 Net weight — 39 Indian Excise rate
40 Indian Excise amount
41 Supply units — 42 Item Value — 43 V.M Code
A.I. Code — 45 Adjustment
46 Statistical Value

44 other information of doc. produced:
Licence no — DV — DQ
Additional document no
Dispatch no
L/C no and date — Currency & Amount

47 Duty calculation:

| Type | Tax Base | Rate | Amount | MP |
|---|---|---|---|---|
| | | | | |
| Total of this form | | | | |

48 Deffered Payment — 49 Identification of Warehouse

Accounting Detail
Mode of payment
Assessment no — Date
Receipt no — Date
Guarantee — Date
Declaration fee
Total Amount
Total Amount In Words

50 (A) Any other information that the declarant needs to notify

50 (B) I hereby certify that the information contained in all pages of this document submitted are true and correct and I know that any untrue and discrepancy submitted would be sufficient for legal action against me.
Signature — Date
Name — Address

50 (C) Physical verification result — Remarks

Data entry operator's sign & date
Name

Inspector's sign & date
Name

Customs officer's sign & date
Name

मुद्रण विभाग सिंहदरबार





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३
(नियम २२ सँग सम्बन्धित)
प्रज्ञापनपत्रको ढाँचा

# Government Of Nepal
## Ministry Of Finance, Department Of Customs
## Customs Declaration Form (page 2)

| | | | | |
|---|---|---|---|---|
| 2 Exporter | Number | 1 Declaration: Import / Export | | Office of declaration: Office code, Name, Manifest No, Regd No. |
| | | 3 Page No | 4 CTD No | |
| | | 5 Items | 6 Total package | 7 Declaration No |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 31 Packages and description of goods | No of packages, Kinds | 32 Item no | 33 HS Code | | | |
| | | | 34 CO code (A, B) | 35 Gross weight | 36 Preference | |
| | Description of goods | | 37 Procedure | 38 Net weight | 39 Indian Excise rate | |
| | | | 40 Indian Excise amount | | | |
| | | | 41 Supply units | 42 Item Value | 43 V.M Code | |
| 44 other information of doc produced | Licence no; Additional document no; Dispatch no; L/C no and date | DV, DQ, Currency & Amount | | A.I. Code | 45 Adjustment | |
| | | | 46 Statistical Value | | | |
| 31 Packages and description of goods | No of packages, Kinds | 32 Item no | 33 HS Code | | | |
| | | | 34 CO code (A, B) | 35 Gross weight | 36 Preference | |
| | Description of goods | | 37 Procedure | 38 Net weight | 39 Indian Excise rate | |
| | | | 40 Indian Excise amount | | | |
| | | | 41 Supply units | 42 Item Value | 43 V.M Code | |
| 44 other information of doc. produced | Licence no; Additional document no; Dispatch no; L/C no and date | DV, DQ, Currency & Amount | | A.I. Code | 45 Adjustment | |
| | | | 46 Statistical Value | | | |
| 31 Packages and description of goods | No of packages, Kinds | 32 Item no | 33 HS Code | | | |
| | | | 34 CO code (A, B) | 35 Gross weight | 36 Preference | |
| | Description of goods | | 37 Procedure | 38 Net weight | 39 Indian Excise rate | |
| | | | 40 Indian Excise amount | | | |
| | | | 41 Supply units | 42 Item Value | 43 V.M Code | |
| 44 other information of doc produced | Licence no; Additional document no; Dispatch no; L/C no and date | DV, DQ, Currency & Amount | | A.I. Code | 45 Adjustment | |
| | | | 46 Statistical Value | | | |

| 47 | Type | Tax Base | Rate | Amount | MP | 47 | Type | Tax Base | Rate | Amount | MP |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Duty calcu lation | | | | | | Duty calcu lation | | | | | |
| | Total of first item of this form | | | | | | Total of second item of this form | | | | |

| 47 | Type | Tax Base | Rate | Amount | MP | Type | Total Amount of this Declaration form | MP |
|---|---|---|---|---|---|---|---|---|
| Duty calcu lation | | | | | | | | |
| | Total of third item of this form | | | | | Grand Total | | |

Signature of declarant

Data entry operator's sign & date
Name

Inspector's sign & date
Name

Customs officer's sign & date
Name

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-४
(नियम ३१ सँग सम्बन्धित)
मालवस्तु खरिद गर्ने सम्बन्धमा पैठारीकर्तालाई दिने सूचनाको ढाँचा
नेपाल सरकार
अर्थ मन्त्रालय, भन्सार विभाग
............भन्सार कार्यालय

मितिः

विषय : मालवस्तु खरिद गर्ने बारे ।

श्री . . . . . . . . . . . . . . . . .
. . . . . . . . . . . . . . . . . . . .
पान नं. : . . . . . . . . . . . . . . . .

तपाईले पैठारी गरी ल्याउनु भएको देहायबमोजिमको मालवस्तु भन्सार ऐन, २०६४ को दफा १३ को उपदफा १५ को खण्ड (ख) बमोजिम यस कार्यालयले खरिद गर्ने भएकोले भन्सार नियमावली २०६४ को नियम ३१ बमोजिम तपाईलाई यो सूचना दिइएको छ । तल उल्लेखित रकम यस कार्यालयबाट भुक्तानी लिनु होला ।

खरिद गरिने मालवस्तुको विवरण

१. प्रतीतपत्र नं. र मिति :

२. बीजक नं. र मिति :

३. प्रज्ञापनपत्र दर्ता नं. र मिति :

४. मालवस्तुको विवरण :

५. मालवस्तुको घोषित मूल्य :

६. खरिदवापत भुक्तानी गरिने रकम रु. . . . . . .

भन्सार अधिकृतको दस्तखत
नामः


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

अनुसूची-५

(नियम ३७ को उपनियम (२) सँग सम्बन्धित)

भन्सार एजेन्टको इजाजतपत्र लिनका लागि दिने दरखास्त

पासपोर्ट साइजको फोटो

दर्ता नम्बर र मिति: दर्ता गर्ने कार्यालय:

दरखास्तदाताको नाम थर:*(फर्म/कम्पनीको हकमा मालिकको)*:

बाबु/आमाको नाम: बाजे/बज्यैको नाम:

स्थायी ठेगाना:................अञ्चल................जिल्ला................गा.वि.स./न.पा वडा नं.....

अस्थायी ठेगाना: जन्म मिति: नागरिकता:

टेलीफोन नम्बर: टेलीफ्याक्स नम्बर:

इमेल ठेगाना:

फर्म/कम्पनीको नाम: दर्ता मिति:.......... नवीकरणको म्याद:

स्थायी लेखा नम्बर: स्थायी लेखा नम्बर लिएको मिति:

दरखास्तदाताको शैक्षिक योग्यतासम्बन्धी विवरण *(फर्म वा कम्पनीको हकमा मालिकको)*

| सि.नं. | शैक्षिक संस्थाको नाम र ठेगाना | उतीर्ण गरेको परीक्षा | उतीर्ण गरेको वर्ष | श्रेणी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

भन्सार नियमावली, २०६४ को नियम नियम ३७ को उपनियम (२) बमोजिमको योग्यता भएकाले यो दरखास्त दिएको छु। मैले माथि उल्लेख गरेको सम्पूर्ण विवरणहरु सत्य छन्। झुठा विवरण दिएको ठहरे प्रचलित कानूनबमोजिम सहन बुझाउन मञ्जुर गर्दछु।

मिति

ल्याप्चे सहीछाप

दायाँ वायाँ

दरखास्तदाताको हस्ताक्षर

नोट: यो दरखास्तका साथमा शैक्षिक योग्यताका प्रमाणपत्रहरु, नागरिकता वा पासपोर्ट र फर्म वा कम्पनीको हकमा स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र फर्म दर्ता प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न गर्नु पर्नेछ।

---

भन्सार एजेन्टको परीक्षाको प्रवेश पत्र

पासपोर्ट साइजको फोटो

दरखास्तदाताको नाम थर:

फर्म/कम्पनीको नाम:

क्रमाङ्क:

परीक्षा केन्द्र:

दस्तखतको नमूना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-६

(नियम ३७ को उपनियम (५) सँग सम्बन्धित)

निसाना छाप

भन्सार एजेन्टको पासपोर्ट साइजको फोटो

नेपाल सरकार

अर्थ मन्त्रालय

भन्सार विभाग/........भन्सार कार्यालय

इजाजतपत्र संख्या: मिति:

भन्सार एजेन्टको इजाजतपत्र

निकासी वा पैठारी हुने मालवस्तु भन्सार कार्यालयबाट छुटाउन वा भन्सार कार्यालयसँग सम्बन्धित कामको लागि निकासीकर्ता वा पैठारीकर्ताको भन्सार एजेन्टको रुपमा काम गर्न भन्सार नियमावली, २०६४ को नियम ३७ को उपनियम (५) बमोजिम यो भन्सार एजेन्टको इजाजतपत्र दिइएको छ ।

भन्सार एजेन्टको नाम :

फर्म वा कम्पनी भए भन्सार एजेन्टकोरुपमा काम गर्ने व्यक्तिको नाम थर:

दस्तखत:

स्थायी लेखा नम्बर:

स्थायी ठेगाना:

हालको ठेगाना:

टेलीफोन नं:

टेलीफ्याक्स नं:

इमेल ठेगाना:

इजाजतपत्र जारी गर्नेको

नाम:

दर्जा:

दस्तखत:

*पृष्ठ भाग*

नवीकरणको विवरण

| नवीकरण गरेको मिति | नवीकरण दस्तुर | वहाल रहने अवधि | नवीकरण गर्नेको दस्तखत |
|---|---|---|---|
| | | | |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

अनुसूची-७

(नियेम ३८ को उपनियम (४) सँग सम्बन्धित)

भन्सार एजेन्टको नियुक्तिपत्रको ढाँचा

खण्ड (क)

(निकासीकर्ता/पैठारीकर्ताले भर्ने)

निकासीकर्ता/पैठारीकर्ताको नाम:

ठेगाना:

पान नं.

मू.अ.कर दर्ता भएको वा नभएको .................... भएको भए दर्ता मिति:

श्री ............................भन्सार कार्यालय

विषय: भन्सार एजेन्ट नियुक्त गरेको ।

त्यस भन्सार कार्यालयको बाटो गरी निकासी वा पैठारी हुने मालवस्तुको भन्सार जाँचपास गराउने लगायत भन्सारसँग सम्बन्धित सम्पूर्ण कार्यहरु गर्ने गराउने प्रयोजनका लागि इजाजतप्राप्त देहायबमोजिमको भन्सार एजेन्टलाई देहायको अवधिका लागि/देहायको मालवस्तु जाँचपास गराउन हाम्रो एजेन्टको रुपमा भन्सार नियमावली, २०६४ को नियम २१ को उपनियम (२) बमोजिम नियुक्त गरेको व्यहोरा अनुरोध छ । यस सम्बन्धमा भन्सार ऐन, २०६४ तथा भन्सार नियमावली, २०६४ मा भएका व्यवस्थाहरु पूर्ण रुपमा पालना गर्नेछु/छौं । हाम्रो व्यवसायसँग सम्बन्धित दर्ता प्रमाणपत्रहरु र भन्सार एजेन्टको प्रमाणपत्रका प्रतिलिपिहरु यसैसाथ संलग्न छन् । आवश्यक परेमा सक्कल प्रमाणपत्रहरुसमेत पेश गर्नेछु/छौं ।

भन्सार एजेन्टको नाम: ............................

भन्सार एजेन्ट इजाजतपत्र नम्बर: .................... इजाजतपत्र जारी मिति: ....................

ठेगाना: ....................................

एजेन्टको रुपमा कार्य गर्ने अवधि: ............................ देखि ........................ सम्म

कुनै कन्साइन्मेन्ट मात्र जाँचपास गराउनका लागि : (प्रतीतपत्र नं., मिति, बैंकको नाम, बीजक नं र मिति खुलाउने)

..............................................................................................................................

निकासीकर्ता/पैठारीकर्ताको दस्तखत

नाम थर: ....................................

कारोवारसँगको सम्बन्ध:....................

छाप

मिति: ............................फोन:..............

ठेगाना: ................................

इमेल:

फ्याक्स:........

खण्ड (ख)

(भन्सार एजेन्टले भर्ने)

माथि खण्ड (क) मा उल्लेख भएबमोजिम निकासीकर्ता/पैठारीकर्ताको भन्सार एजेन्टको रुपमा भन्सार ऐन, २०६४ र भन्सार नियमावली, २०६४ का अधीनमा रही कार्य गर्न मञ्जुर गर्दछु । मेरो भन्सार एजेन्ट इजाजतपत्रको प्रतिलिपि संलग्न गरेको छु । आवश्यक परेमा सक्कल प्रमाणपत्रसमेत प्रस्तुत गर्नेछु ।

भन्सार एजेन्टको नाम:

दस्तखत:

भन्सार एजेन्ट इजाजतपत्र न.:

इमेल:

छाप

ठेगाना:

फोन नं:

जारी मिति:

फ्याक्स नं:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-८

(नियम ४१ को उपनियम (१) सँग सम्बन्धित)

मूल्याङ्कन पुनरावलोकनका लागि दिने निवेदनको ढाँचा

मितिः

श्री मूल्याङ्कन पुनरावलोकन समिति

विषयः मूल्याङ्कन पुनरावलोकन गरिपाऊँ ।

प्रस्तुत विषयमा निवेदकले पैठारी गरी ल्याएको देहायबमोजिमको मालवस्तुमा ............ भन्सार कार्यालयका भन्सार अधिकृतले देहायबमोजिम कायम गरेको भन्सार मूल्यमा मेरो चित्त नबुझेको हुँदा निम्न तथ्य र प्रमाणका आधारमा सो निर्णय पुनरावलोकन गर्न सम्बन्धित प्रज्ञापनपत्र तथा सोसाथ संलग्न गरी भन्सार कार्यालयमा पेश गरेका सम्पूर्ण कागजातहरुको प्रतिलिपि र भन्सार अधिकृतले दिएको लिखित सूचनाको प्रतिलिपि संलग्न गरी यो निवेदन गरेको छु ।

१. आपूर्तिकर्ताको नाम ठेगानाः

२. प्रतीतपत्र/बैङ्क ड्राफ्ट/ टी.टी./ डी.ए.पी. नम्बर र मितिः

३. बीजक नम्बर र मितिः

४. प्रज्ञापनपत्र दर्ता नम्बर र मितिः

५. मालवस्तु जाँचपास भएको मितिः

५. मालवस्तुको विवरण (पूरा स्पेशिफिकेशन खुलाउने)

..................................

..................................

..................................

..................................

६. घोषित जम्मा मूल्य :

७. भन्सार अधिकृतले कायम गरेको जम्मा मूल्य :

८. घोषित मूल्य पुष्टि गर्ने संलग्न प्रमाण (केही भए उल्लेख गर्ने):

..................................................................

९. भन्सार अधिकृतले कायम गरेको भन्सार मूल्यमा चित्त नबुझ्नाको कारण र आधारः

*(यो स्थान अपर्याप्त भएमा छुट्टै पाना संलग्न गर्न सकिनेछ ।)*

निवेदकको दस्तखत

छाप

नाम

पान नं:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ९

(नियम ५० को उपनियम (२) सँग सम्बन्धित)

विलम्ब शुल्क (डेमरेज) को दर

(क) विमानस्थल भन्सार कार्यालयमा:

तीस दिनसम्मका लागि प्रति दिनको प्रति के.जि. चालीस पैसा, तीस दिनभन्दा बढी साठी दिनसम्म प्रति दिनको प्रति के.जी. असी पैसा र साठी दिनभन्दा बढीको प्रति दिन प्रति के.जी. एक रुपैंया बीस पैसा ।

(ख) अन्य भन्सार कार्यालयमा:

तीस दिनसम्मका लागि प्रति के.जी. प्रति दिन बीस पैसा, तीस दिनभन्दा बढी साठी दिनसम्म प्रति के.जी. प्रति दिन चालीस पैसा र साठी दिनभन्दा बढीको प्रति के.जी. प्रति दिन साठी पैसा ।

स्पष्टीकरण: बिलम्ब शुल्क (डेमरेज) लिने प्रयोजनका लागि तौलको गणना गर्दा एउटा प्रज्ञापनपत्र वा एउटा कन्साइन्मेन्टका सबै मालवस्तुको समष्टीगत तौललाई गणना गर्नुपर्दछ । तौलमा एक किलोग्रामभन्दा कम बाँकी रहेमा एक किलोग्राम मानी गणना गरिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- १०

(नियम ५२ को उपनियम (१) सँग सम्बन्धित)

भन्सार कार्यालयले जारी गर्ने म्यादको ढाँचा

श्री ..........................................................भन्सार कार्यालयबाट..........................................

.......................................................................................का नाममा जारी भएको म्याद

भन्सार ऐन, २०६४ अन्तर्गतको कसूरको कारवाहीको सिलसिलामा तपाईसँग केही कुरा बुझ्नुपर्ने भएकाले बाटाको म्यादबाहेक पन्ध्र दिनभित्र कार्यालय समयमा यस कार्यालयमा हाजिर हुन आउनु होला । सो म्यादभित्र आए तपाईको व्यहोरा बुझी र नआई म्याद गुजारी बसे कानूनबमोजिम निर्णय हुनेछ । पछि तपाईको उजुर लाग्ने छैन । यो म्याद थमाउन पाइने छैन ।

इति सम्बत..........साल ............ महिना......गते रोज......शुभम् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची- ११

(नियम ६० को उपनियम (२) सँग सम्बन्धित)

पैठारी भएको मालवस्तुको प्रमाणपत्रको ढाँचा

GOVERNMENT OF NEPAL

........................ CUSTOMS OFFICE

TO WHOM IT MAY CONCERN

This is to certify that the goods mentioned below have been duly imported into Nepal through this customs office.

Importer's Name and Address :

Importer's PAN Number :

Supplyer's Name and Address :

Description of Goods :

Invoice Number & Date:

Nett Value:

Total Invoice Amount:

Customs Declaration Form (Pragyapan Patra) Regd. Number:

Date of Importation:

Official Seal

Customs officer's signature

Name:

Date:



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

अनुसूची- १२

(नियम ६२ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

छोटी भन्सार कार्यालयहरुको नामावली

१. भद्रपुर छोटी भन्सार कार्यालय
२. सुठौली छोटी भन्सार कार्यालय
३. पृथ्वीपुर छोटी भन्सार कार्यालय
४. सती छोटी भन्सार कार्यालय
५. दार्चुला छोटी भन्सार कार्यालय

आज्ञाले,
विद्याधर मल्लिक
नेपाल सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. २०।–
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।